अभियान साप्ताहिक अब अनलाइन संस्करणमा पनि
www.abhiyanweekly.com.np

अभियान साप्ताहिक

ABHIYAN WEEKLY

Devendrachudal@gmail.com

वर्ष : ४४ / अंक : १७ / २०८३ मंसिर ४ गते शुक्रबार / नेपाल सम्वत ११४७ / Nov. 20, 2026 / मूल्य रू. १०/-

हामीलाई www.abhiyanweekly.com.np मा पनि पढ्न सकिन्छ ।

प्रधानमन्त्रीबाटै संसदको अपमान ?

काठमाडौं । २०८२ फागुन २१ गते सम्पन्न भएको प्रतिनिधिसभाको निर्वाचनमा झण्डै दुई तिहाई मत पाएर सरकार निर्माण गर्न सफल भएको रास्वपा नेतृत्वको बालेन साह सरकार दिप्रतिदिन अलोकप्रिय काम गरेर जनताको नगरमा जुन जोगी आउपनि कानै चिरेको भन्ने नेपाली उखानलाई चरितार्थ गर्न थालेको छ ।

प्रतिनिधिसभामा रास्वपाको झण्डै दुई तिहाई मत रहेपनि सरकारले संसदलाई छलेर अध्यादेशमार्फत सरकार सञ्चालन गर्न अग्रसर भएको छ । विगतमा बालेन सरकारले आफैंले बोलाएको संसदको बैठक हठाथ स्थगित गरेर ८ वटा अध्यादेश जारी गरेको थियो । बालेन सरकार २०८२ चेत्र १३ गते गठन भएपछि आठ महिनाको पिरियडमा १३ वटा अध्यादेश जारी गरिसकेको छ ।

सरकार विधायिकी अधिकार समेत आफैं प्रयोग गरेर शासन

>>> बाँकी ८ पेजमा

बालेनको भारत भ्रमण, भ्रमणका लागि भ्रमण नहोस्

काठमाडौं । अर्को हप्ता प्रधानमन्त्री बालेन साह छिमेकी मुलुक भारत भ्रमणमा जाने निश्चित भएको छ । प्रधानमन्त्रीको भ्रमण अघि सरकारले सबै राजनीतिक दलहरूको सहयोग र सहमति लिएर भारत भ्रमणमा जानुपर्ने भएपनि अहिलेसम्म त्यस्तो अवस्था देखिएको छैन । प्रधानमन्त्री बालेन साह संयुक्त राष्ट्रसंघको बैठकमा सहभागि हुन जाँदा समेत उनले संसद र दलहरूलाई वेवास्ता गरेका थिए ।

पछिल्लो समयमा मलुकको सम्वेदनशिलतामा रास्वपा र बालेन सरकार आफैं अलमलमा परेका छन् । विपक्षी दलहरु र संसद बाहिर रहेका दलहरूले मुलुकको हितका लागि निरन्तर सुझाव दिईरहेका भएपनि बालेन सरकारले त्यस्ता सुझावलाई वेवास्ता गर्दै एक्लै अघि बढ्ने प्रयास गरिरहेको छ ।

>>> बाँकी ८ पेजमा

पार्टी र सरकारबीच मतभेदकै कारण अध्यादेशको सहारा

काठमाडौं । २०८२ भाद्र २३ गते भएको जेनजीहरूको विरोध प्रदर्शन र त्यही विरोध प्रदर्शनमा भएको भनिएको दमनलाई लिएर भाद्र २४ गते भएको विध्वसात्मक कार्यपछि असम्वैधानिक रूपमा सर्वोच्च अदालतकी पूर्व प्रधानन्यायाधिश सुशिला कार्कीलाई २०८२ भाद्र २७ गते प्रधानमन्त्रीमा नियुक्त गरियो भने सोही दिन संसद विघटन समेत गरियो ।

संसद विघटन भएकै दिन कार्की सरकारले २०८२ फागुन २१ गते संसदको निर्वाचन गराउने घोषणा गरेनुसार निर्वाचन सम्पन्न भयो । सो निर्वाचनमा

>>> बाँकी ८ पेजमा

प्रधानमन्त्री शाहको भारत भ्रमण सबै दलहरूको सहमतिले मात्र सार्थक हुन सक्छ

देवेन्द्र चुडाल



काठमाडौं । यही मंसिर ६ गते प्रधानमन्त्री बालेन साह दक्षिणी छिमेकी मुलुक भारतको दुई दिने औपचारिक भ्रमणमा जाने पक्कापक्की भएको छ । नेपाल-भारतबीचमा पछिल्लो समयमा सीमा सम्बन्धी विवाद समेत रहेको छ । भ्रमणका क्रममा प्रधानमन्त्री बालेन र भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीबीचमा एक्लाएक्लै आधा घण्टासम्म वार्ता हुने भएको छ भने अन्य समयमा दुवै देशका प्रतिनिधिबीचमा प्रायः सबै विषयमा वार्ता हुने भएको छ ।

प्रधानमन्त्रीको भ्रमणमा दुई देशबीच आर्थिक सहकार्य, हवाई सम्पर्क तथा विकास आयोजना सम्बन्धी विभिन्न सम्झौता र समझदारी प्राथकिमतामा राखिएको जनाइएको छ । प्रधानमन्त्री बालेन भारतीय प्रधानमन्त्री मोदीका निमन्त्रणामा भारत जान लागेका हुन् ।

प्रधानमन्त्री बालेन साह र भारतीय प्रधानमन्त्री मोदीबीचको भेटपछि दुवै देशका प्रतिनिधिमण्डलबीचमा औपचारिक वार्ता हुने तय भएको भएपनि कुन कुन विषयमा औपचारिक वार्ता हुने भन्ने एकिन भईसकेको जस्तो देखिँदैन । प्रधानमन्त्री विदेश भ्रमणमा जाँदा दुई देश बीचका विवादित मुद्दामा ठोस प्रगति हुन सक्ने सम्भावना न्यून रहेको जस्तो देखिएको छ । प्रधानमन्त्री बालेनले भारत भ्रमण जानु अघि नै राष्ट्रिय सहमतिमा एजेण्डा तयार गरी सबै राजनीतिक दलहरूको समर्थन लिएर भारत जानु पर्नेमा त्यस्तो अवस्था देखिएको छैन ।

आजसम्ममा पनि प्रधानमन्त्रीले विपक्षी दलसँग आफ्नो भारत भ्रमणको बारमा कुनै सम्वाद सम्म गर्न सकेका छैनन् । प्रधानमन्त्री बालेनले नै केही महिना अघि प्रतिनिधिसभाको बैठकमा भारतले मात्र होइन नेपालले पनि भारतको जग्गा (सिमा) मिचेको छ भन्ने अभिव्यक्ति दिएका थिए । त्यस विषयमा संसदमा उपस्थित रहेको विपक्षी दलसहितका सबै दलले प्रधानमन्त्रीसँग स्पष्टीकरण माग्दै संसद नै अवरूद्ध गरेका भएपनि प्रधानमन्त्री साहले त्यस विषयमा संसदमा उपस्थित रहेका विपक्षी दलसहितका सबै दलले प्रधानमन्त्रीसँग स्पष्टीकरण माग्दै संसद नै अवरूद्ध गरेका भएपनि प्रधानमन्त्री साहले त्यस विषयमा आजसम्म कुनै जानकारी दिएका छैनन् । भारत भ्रमणका बेला भारतीय पक्षले नेपालका प्रधानमन्त्रीले भारतको जग्गा मिचेको छ अभिव्यक्ति संसदमै दिएका हुनाले नेपालले मिचेको सीमाको जग्गा फिर्ता गर्ने माग प्रधानमन्त्री

>>> बाँकी ८ पेजमा

एमाले कसैको कृपाले बाँचेको पार्टी होइनः ओली



काठमाडौं । नेकपा (एमाले) का अध्यक्ष केपी शर्मा ओलीले सरकारले एमालेमाथि धम्कीपूर्ण व्यवहार गरिरहेका भन्दै असन्तुष्टि व्यक्त गरेका छन् । यही बुधबार राष्ट्रिय भेलालाई सम्बोधन गर्दै उनले एमाले कसैको दयामाया, कृपाले बाँचेको पार्टी नभइ लडेर आएको पार्टी भएको स्पष्ट पारेका हुन् ।

अहिले नयाँ प्रहरी प्रमुखले केपी ओली, शेरबहादुर देउवा र पुष्पकमल दाहाल प्रचण्डलाई पक्राउ गर्ने धम्की दिइरहेको पनि उनले बताए । आफूहरु राणा शासनकाविरुद्ध, पञ्चायति शासनका विरुद्ध र निरंकुश राजतन्त्रकाविरुद्ध

>>> बाँकी ८ पेजमा

सभापति रवि लामिछाने र प्रधानमन्त्री साहबीच मतभेद कायमै

काठमाडौं । सत्ताधारी दल रास्वपाभित्रको विवाद विस्तारै उठ्न थालेको छ । रास्वपाका वरिष्ठ नेता नै प्रधानमन्त्री बनेका भएपनि उनले आफ्नो पार्टीलाई विश्वसमा लिन नसकेको प्रहरी महानिरीक्षकलाई परिवर्तन गरेका प्रकरणले नै प्रष्ट पारिसकेको छ । सरकारका प्रवक्ताले प्रहरी महानिरीक्षकलाई हटाउन पार्टीले नै सरकारलाई निर्देशन दिएको बताएका भएपनि पार्टी प्रवक्ताले त्यस्तो निर्देशन पार्टीले नदिएको बताएपछि पार्टी र सरकारबीचमा मतभेद भएको प्रष्ट रूपमै देखिएको छ ।

पार्टी सभापति रवि लामिछानेले समेत सरकारले गरेका काम कारबाहीको जिम्मेवारी सरकारले नै लिनुपर्ने बताउँदै आएका छन् । पार्टी र सरकार अलग अलग भएकाले पार्टीले आफ्नो काम गर्दछ सरकारले आफ्नो काम गर्दछ त्यसको जिम्मेवारी फरक फरक रहेकाले आफूहरूले गरेका कामको जिम्मेवारी फरक फरक ढँगले लिनु पर्दछ भन्ने अभिव्यक्ति दिँदै आएका छन् ।

संसदमा रास्वपाको बहुमत रहेको र संसदीय समितिहरुमा समेत रास्वपाकै बहुमत रहेकोमा सरकारले राजदूतका लागि प्रस्तावित गरेका व्यक्तिहरूमध्येका २ जनालाई संसदीय सुनुवाई समितिले अस्वीकृत गरेपछि पार्टी र सरकारबीचमा मतभेद देखिएको हो भने सरकारले प्रस्तावित गरेका जापानका लागि प्रस्तावित राजदूत ग्यानकुमार थापालाई संसदीय सुनुवाई समितिबाट अस्वीकृत हुने देखिएपछि उनी आफ्नो नाम फिर्ता लिन उनी बाध्य भएका थिए ।

>>> बाँकी ८ पेजमा

बालेन सरकार अधिनायकवादतर्फ उन्मुख

काठमाडौं । बालेन सरकारले संसदले बनाएको कानुनलाई कार्यपालिकाले आफ्नो सुविधानुसार संशोधन गर्दै जानु शक्तिकीकरणको सिद्धान्त विपरित रहेको छ । बालेन सरकार सत्तामा आएपछि आजसम्म १३ वटा अध्यादेश जारी भैसकेका छन् भने २ वटा अध्यादेश जारि गर्न सरकारले राष्ट्रपति समक्ष सिफारिस गरेको छ ।

सर्वोच्च अदालतको सम्वैधानिक इजलासले २०७८ जेष्ठ २७ दिर्घकालिन महत्वका विषयमा संसद छलेर अध्यादेश जारी गर्न नमिल्ने फैसला गरेको थियो । सरकारले शासकीय सुविधा वा अमुक राजनीतिक उदेश्य प्राप्तिका लागि संसद छलेर अध्यादेश जारी गर्दा त्यसबाट



विधायिकाको अधिकार र प्रभावकारितामा अनुचित हस्तक्षेप गरेको मानिने सम्वैधानिक इजलासले भनेको थियो ।

राज्यको शक्ति र शासकीय अधिकार विधायिका, कार्यपालिका र न्यायपालिका जस्ता छुट्टाछुट्टै निकायबाट हुनपर्दछ भन्ने सैद्धान्तिक, मान्यता शक्ति पृथकीकरणको सिद्धान्त रहेको अदालतको फैसलामा उल्लेख गरिएको थियो । यही फैसलाका आधारमा तत्कालिन प्रधानमन्त्री केपी ओली नेतृत्वले ल्याएको नागरिकतासम्बन्धी अध्यादेश निष्क्रिय भएको थियो ।

मन्त्रिपरिषद्को सिफारिसमा गत वैशाख १७ गते देखि वैशाख २२ गते सम्मा सरकारले

>>> बाँकी ८ पेजमा

ट्रम्प, सी र पुटिन एउटै मञ्चमा

काठमाडौं । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प, चिनियाँ राष्ट्रपति सी जिनपिङ र रूसी राष्ट्रपति भ्लादिमिर पुटिन पहिलोपटक एकसाथ एउटै मञ्चमा देखिएका छन् ।

यो त्रिपक्षीय बैठक चीनको सेन्जेनमा आयोजना भइरहेको 'एसिया-प्रशान्त आर्थिक सहयोग' (एपेक) शिखर सम्मेलनका क्रममा हुन लागेको हो ।

तीन नेताहरूबीच इजरायल र इरान, रूस र युक्रेन युद्धलगायत विषयहरूमा छलफल हुनेछ । यसअघि, बुधबार एपेक शिखर सम्मेलनको स्वागत रात्रिभोजमा पनि तीन नेताहरु सँगै देखिएका थिए ।

यो बैठकलाई सन् १९४५ को याल्टा सम्मेलनसँग तुलना गरिएको छ । याल्टामा

>>> बाँकी ८ पेजमा

Smoke, mirrors, and fake maps

Dr Zafar Khan Safdar

When the economy tanks, poverty sits stubbornly at 28.9 percent, and governance completely collapses, Pakistan's ruling elite reaches for the oldest trick in the book: they pull out a box of crayons and try to redraw the map.

The sudden resurrection of the new provinces debate, complete with hand-waving about nationwide referendums, a secret 28th Constitutional Amendment, and sweeping administrative overhauls isn't reform but a masterclass in distraction. Strip away the political theatre, and you find zero constitutional roadmaps, zero financial blueprints, and zero consensus. It's a smokescreen designed to keep you looking everywhere except where the actual fire is.

Look no further than Islamabad itself. The federal capital hasn't had an elected local government since February 2021, thumbing its nose at a strict 120-day legal deadline through endless delays and legal acrobatics. Even when elections limped toward a December schedule, the state actively sabotaged them by blocking teachers from polling duties, forcing the High Court to pull the plug once again. When a government can't even tolerate democracy within its own municipal backyard, pitching grand blueprints for a dozen new provinces is pure comedy.

Yet the ruling coalition insists on gazing upward at grand cartographic illusions. While the interior minister floats referendums and the defence minister casually tosses around numbers like 12 new administrative units, a government utterly incapable of managing municipal elections in its own direct backyard invites the nation to swallow a total structural redesign. Is this really how a republic debates its foundational architecture?

Not through rigorous parliamentary committees or white papers, but via casual talk-show soundbites and trial balloons, treating the map of Pakistan like a script for a nightly drama. The contradiction is as glaring as it is insulting, a regime that cannot organize a single local council presumes to turn statehood into a soap opera.

Pakistan's crisis is not that its provinces are too large, but that power is locked in provincial capitals. Under Article 140A, provinces are constitutionally bound to devolve authority to local bodies yet a recent task force found that zero provinces comply. With 80 percent of local budgets swallowed by salaries, and a paltry Rs1.8 trillion trickling down out of Rs9.2 trillion in projected federal transfers for FY2026-27, power remains hoarded at the top. A bureaucrat miles away in a provincial secretariat still decides if a single school in Dera Ghazi Khan gets a teacher.



Splitting provinces under this status quo does nothing to bring the state closer to the people, it merely multiplies secretariats, chief secretaries, and elite perks, shifting a bloated central monopoly from one capital to another. The question facing Pakistan is not how many provincial capitals it can afford to build, but how much actual authority ordinary citizens can wield over the institutions that shape their daily lives.

It needs elected governments at the local level, where citizens can see who makes decisions, where public money goes and whom to hold accountable. Unsurprisingly, that is the very reform they will never do, having postponed it for far too long. This smoky debate is designed to blur than to build, and when the fog clears, another convenient distraction will inevitably emerge from the theatre, leaving new provinces exactly where they started, a convenient fiction.

The constitutional position is equally important. Article 239 requires a constitutional amendment to secure a two-thirds majority of the total membership of both houses of Parliament. Where the amendment alters provincial boundaries, it must also receive a two-thirds majority of the total membership of the affected provincial assembly. Article 48(6) allows a referendum on a matter of national importance after approval by a joint sitting of Parliament. But a referendum cannot replace the requirements of Article 239. Even an overwhelming public vote in favour of dividing a province would not remove the need for approval by its assembly.

raises an obvious question. If the constitutional procedure is already clear, what purpose would a referendum serve? It could gauge public opinion, but it cannot itself create a province. The proposal needs to be accompanied by a clear explanation of its constitutional purpose and political feasibility. Pakistan's experience with referendums in 1984 and 2002 also makes it necessary to distinguish genuine public consultation from exercises designed to confer political legitimacy on decisions already favoured by those in power.

Then there is the matter of timing, which gives the game away completely. Debating abstract cartography is infinitely easier than governing through crisis. Why confront the grim reality of the Kohat ambush where ten policemen were recently gunned down, or tens of millions of citizens trapped in poverty, when the ruling elite can manufacture a loud, consequence-free debate over provincial lines instead?

A second possibility is political leverage. The PPP has consistently opposed dividing Sindh, while other political actors have advocated new administrative units. Raising the prospect of a referendum can put pressure on coalition partners and force political parties to clarify positions they might prefer to leave ambiguous. Even so, the political implications of the proposal cannot be ignored.

There is also a fiscal question that has received little attention. New provinces would require administrative infrastructure, public institutions and a clear system for distributing revenues and liabilities. The existing National Finance Commission framework would need careful consideration. Before inviting the country to debate new boundaries, the government should explain how additional administrative units would be financed and whether they would improve service delivery or merely expand the cost of government.

There is nothing inherently wrong with creating new provinces. Large populations, geographical distance, administrative neglect and persistent regional disparities can provide legitimate grounds for reconsidering provincial arrangements. But such a proposal requires evidence, political consensus, constitutional compliance and a credible financial plan. None can be replaced by slogans or a referendum announcement.

Pakistan needs local governments with clearly defined responsibilities and financial autonomy. Mayors and council heads should be directly elected, their terms protected against arbitrary dissolution, and their institutions guaranteed a predictable share of provincial resources. Primary education, basic healthcare, water supply, sanitation and local infrastructure should be placed under accountable local authorities, supported by independent audits and public oversight.

Redrawing a map can be done in a morning. Building democratic institutions that answer to citizens takes years of commitment. More importantly, it requires those in power to surrender authority, an action they simply refuse to take. Pakistan does not need more provincial capitals merely to reproduce the centralisation that has weakened existing institutions.

It needs elected governments at the local level, where citizens can see who makes decisions, where public money goes and whom to hold accountable. Unsurprisingly, that is the very reform they will never do, having postponed it for far too long. This smoky debate is designed to blur than to build, and when the fog clears, another convenient distraction will inevitably emerge from the theatre, leaving new provinces exactly where they started, a convenient fiction.

उत्कृष्ट १९ करदातालाई सरकारको सम्मान

काठमाडौं- सरकारले सबैभन्दा बढी आयकर तिर्ने र समयमै विवरण तथा कर रकम बुझाउने विभिन्न क्षेत्रका कम्पनी तथा व्यक्तिलाई उत्कृष्ट करदाताका रूपमा सम्मान गरेको छ । राष्ट्रिय कर दिवसको अवसरमा सरकारले मंगलबार १८ कम्पनी तथा एक व्यक्तिलाई सम्मान गरेको हो ।

सबैभन्दा बढी आयकर बुझाउने उत्कृष्ट करदाताको सम्मान कम्पनीतर्फ सूर्य नेपाल प्रालि र व्यक्तितर्फ राजबहादुर शाहले प्राप्त गरेका छन् । आन्तरिक राजस्व विभागले मंगलबार आयोजना गरेको कार्यक्रममा अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले उत्कृष्ट करदातालाई सम्मानपत्र प्रदान गरेका हुन् ।




उक्त अवसरमा अर्थमन्त्री डा. वाग्लेले चालू वर्षको बजेटबाट दर घटाउने तथा दायरा बढाउने गरी राजस्वमा सुधारको थालनी गरिएको भन्दै उनले आगामी बजेटले त्यसलाई अझ फराकिलो र गहिरो बनाउने बताए । 'तीस वर्षदेखि भाषणमा जे भनियो, यसपालि त्यसलाई बजेटबाट अभ्यासमा ल्याएका छौं, भन्सार र अन्तःशुल्कदेखि सबैमा रिफर्म सुरू भएको छ,' उनले भने, 'अघिल्लो वर्ष बजेटको तयारीका लागि समय पनि पुगेन । जम्मा चार हप्ता थियो । यसपटक ५-६ महिनादेखि नै तयारी गरेर सुधारको शृंखलालाई अझ फराकिलो र गहिरो बनाउनेछौं ।'

उद्योग वाणिज्य महासंघका अध्यक्ष अञ्जन श्रेष्ठले नेपालमा करको बोझ दक्षिण एसियाकै बढी भएको भन्दै घटाउनुपर्ने बताए । 'आर्थिक वृद्धिदर न्यून छ, करको दर चाहिं बढी छ, जिडिपीको तुलनामा राजस्व २१ प्रतिशत पुगेको छ,' उनले भने, 'नेपालमा करको भार अलि बढी छ । यसमा सुधार आवश्यक छ । व्यावसायिक लागत घटाउनैपर्छ ।'

कार्यक्रममा प्रतिकूल परिस्थितिमा पनि उदाहरणीय व्यवसाय गरेको र निरन्तर राजस्वमा योगदान गरेको भन्दै भाटभटेनी सुपरमार्केट एन्ड डिपार्टमेन्टल स्टोर प्रालिलाई सम्मान गरिएको छ । अर्थमन्त्री डा. वाग्लेले भाटभटेनीका सञ्चालक सावित्री गुरूङलाई सम्मान गरेका हुन् । भाटभटेनी अघिल्लो वर्षको भदौमा भएको जेन-जी आन्दोलनको निसानामा परेको थियो । त्यसपछि भाटभटेनीले क्रमशः आफ्ना शाखा पुनर्निर्माण गरी सञ्चालनमा ल्याएको छ ।

प्रधानमन्त्रीको इमानको पनि परीक्षा हो भारत भ्रमण



• राजन कार्की

rajan2012karki@yahoo.com

संसदमा नेपालले पनि भारतको सीमा मिचेको प्रधानमन्त्री भएपछि थाहा पाएँ भनेर दिएको अभिव्यक्तिलाई विपक्षीहरूले आज पनि मुद्दा बनाइरहेका छन् । भारतले नेपालको र नेपालले भारतको सीमा मिचेको विषय के हो ? यसको स्पष्ट जवाफ दिने मौका प्रम बालेनले पाउने भएका छन् ।

उनी ६ र ७ गते भारत भ्रमणमा जाँदैछन् । भारतका प्रधानमन्त्री, सुरक्षा सल्लाहकार, परराष्ट्र र गृह र अर्थमन्त्रीसँग भेटवार्ता गर्दैछन् । यतिमात्र होइन, प्रधानमन्त्री बालेनले भारतकी राष्ट्रपति द्रौपदी मुर्मुसँग पनि भेट्ने अवसर छ । यति ठूलो अवसरको उपयोग १९५० को सन्धि र नेपाल भारत सीमामा भएको अतिक्रमणका सबै समस्या सदाका लागि टुङ्ग्याउन राजनीतिक र कूटनीतिक क्षमता देखाउन सके सक्छन् । बालेन के हुन्, कति राष्ट्रवादी हुन्, उनको इमानको उचाइ कति हो, यही भ्रमणले तय गर्नेवाला छ । आजको मूल प्रश्न यही हो कि प्रम बालेन साहले भारतीय शासकहरूसँग आँखामा आँखा जुधाएर नेपालका बहुसमस्याहरूका बारेमा विषयको उठान र बैठान गर्न सक्लान् कि नसक्लान् ?

कि पहिले पहिलेका प्रधानमन्त्रीले झैं दिल्ली जाने र दिल्लीको बासमती चामलको बासीभात मात्र खाएर फर्कने हुन् ? रास्वपा प्रतिपक्षीबाहेक अन्य सबैमा के विश्वास छ भने प्रम बालेन साहले नेपालको इज्जत राखेर समस्याको समाधानमा सामुहिक प्रयास गरेर आउने छन् । नेपालको सार्वभौमिकताको उचाइलाई कायम गरेर आउनेछन् ।

प्रतिक्षा छ, पहिले पहिलेका प्रधानमन्त्रीले झैं लम्पसारवाद बनेर नेपालविरूद्ध कुनै सन्धि सम्झौता गरेर आउने छैनन् । भारतले केही दिएजस्तो गरेर धेरै लुट्ने नीतिलाई पछ्याएर होइन, पन्छाएर आउनेछन् । समानताको हैसियत स्थापित गरेर आउनेछन् ।

नेपाल भारतबीचको सबैभन्दा ठूलो समस्या नै सीमा विवाद हो । झण्डै ६७ ठाउँमा भारतले सीमा अतिक्रमण गरेको छ । नेपालको चुच्चेनक्सा अर्थात् कालापानी, लिपुलेक र लिम्पियाधुराको भूभागलाई भारतले आफ्नो नक्सामा मिलाएको ७ वर्ष भइसक्यो । नेपालको युवा नेतृत्वले यी समस्या र नेपालसँग भएका प्रमाणहरु भारतका सामु राख्नेछन् ।

बालेन सरकार आएको ८ महिना भयो । नेपाली भूभागका बिषयमा, सीमा अतिक्रमणका बारेमा प्रमाणसहित छलफल गर्नुपर्छ र नेपाली सार्वभौमिकताका पक्षमा उभिनुपर्छ । प्रम बालेनले तेस्रो पक्षको सहयोग खोज्ने एक वाक्यमा भारत हल्लियो । भारतले ठूलै कूटनीतिक तरङ्ग झेल्यो र नेपालमाथि दबाब बढायो । हो, नेपालले बेलायतसँग गुहार लगायो भने १९४७ मा बेलायतले भारतलाई छाडेर जाँदा गरेको सम्झौता ब्यूँतिन सक्थ्यो, ग्रेटर नेपालको मुद्दाले विश्व प्रभावित हुनेथियो । तर पछि प्रम बालेनले तेस्रो पक्ष खोजेको होइन, केही प्रमाण भए उपलब्ध गराउन भनेको बताएपछि भारत चुपभयो ।

यहीकारण भारतले नेपालका प्रम बालेन साहलाई निकै सकस गरेर भारत भ्रमणको लागि मनाएको छ । अर्थपूर्ण भ्रमणमा जाँदै गएका प्रम बालेन साहले नेपाल भारतबीचका सबै समस्याका विषयमा गम्भीर छलफल गर्नुपर्छ र भोलिका दिनमा नेपालीले भारतीय कहर खेप्नुनपर्ने वातावरण सिर्जना गर्नुपर्छ । यस्तो वातावरण राजनीतिक सहमति मै हुनसक्छ र यो अवसरलाई नेपालका पक्षमा प्रम बालेन साहले उभिन सक्छन्, समाधान निकाल्न सक्छन् ।

२०४६ को परिवर्तनपछिका कुनै पनि सरकारले यति ठूलो मान र मान्यता पाएको थिएन, जुन प्रम बालेन सरकारले भारतबाट पाएको छ । प्रम बालेनले राम्ररी बुझेका छन्- भारतसँग समन्वयकारी भूमिका कसरी निर्वाह गर्ने, समानताको हैसियतमा कसरी आफूलाई स्थापित गराउने र नेपाल र नेपालीले चाहेको विषयमा कसरी भारतलाई मनाउने ? यो भ्रमण नेपालका लागि ऐतिहासिक सावित हुनसक्छ । नेपालको सिंहदरवारलाई दिल्लीमा बुझाउनेहरूलाई प्रम बालेन साहले नेपालको राज्यशक्ति र सिंहदरवार नेपालमा फर्काएर राजनीतिक र कूटनीतिक जवाफ दिनसक्छन् । एकपल्ट फेरि पुराना दलहरूलाई परास्त गर्ने अवसर छ प्रम बालेन र रास्वपाका सामु ।

पुराना शासकका जमानामा हल्ला बढी भयो । ३७ वर्षको बहुदल र १९ वर्षको गणतन्त्रमा सीमा विवाद सल्कियो मात्र, समन भएन । नयाँ सरकार बनेको ८ महिना हुँदैछ, संसदमा सीमा विवादमा प्रतिपक्षी दलहरु हल्ला बढी गरिरहेका छन् । सरकारलाई सुझाउने, शक्ति दिने र समाधान गर्न सामार्थ्य प्रदान गर्ने कार्य विपक्षीले गरेनन् । कसरी सरकारलाई असफल पार्ने भन्ने एकसूत्रीय अभियान चलाउँदा सत्तापक्षलाई लिपुलेक, लिम्पियाधुरा, कालापानी विवादमा कूटनीतिक चातुर्य, संवादको रणनीति जरूरी छ, भारत जान लागेको प्रम बालेनलाई समर्थन र सुझावको जरूरत छ, बुझेको खोई ?

नेपाली कांग्रेस संसदीय दलका उपनेता अभिषेक प्रताप शाहले १४ मे मा संसदमा लिपुलेक र लिम्पियाधुराका मुद्दा उठाए । उनले वर्तमान रास्वपा सरकारलाई प्रश्न गर्दै भने, "भारत पक्ष समाधानमुखी वार्ताका लागि तयार हुँदा पनि नेपालले किन पहल गरेको छैन ?" शाहले थपेका थिए "राष्ट्रवाद अभ्यास गर्नुपर्छ, केवल सामाजिक सञ्जालमा प्रदर्शन मात्र होइन ।" सांसद शाहले यो भनाइ भारत र चीनसँग सम्बन्धित हालका घटनाक्रमलाई ध्यानमा राखेर गरेका थिए । तर अब प्रम बालेन साह भारत जाँदैछन्, यो बेला कांग्रेस, एमाले, नेकपाको सकारात्मक सोच र सहयोगी भावना खोई ?

प्रम बालेनलाई सबैले शक्ति र एकताको बल दिएर भारत पठाउनुपर्छ र नेपालको पक्षमा उभिन साहस र हैसियत दिनुपर्छ । जसले बालेनको आत्मबल बढ्नेछ ।

भारत र चीनले सन २०१५ मे १५ मा व्यापार र अहिले व्यापार र कैलाश मानसरोवर यात्रा पुनः सुरु गर्ने सहमति गरेका हुन् । यसका लागि भूभागको हकदार नेपाललाई सोधिएन । वास्तवमा, यो क्षेत्रको स्थिति लामो समयदेखि विवादित रहँदै आएको छ—नेपाल-अंग्रेज युद्धको समयमा, चीनले तिब्बतलाई आ□नो अधीनमा ल्याउँदा, र १९६२ को चीन-भारत युद्धको समयमा । त्यसपछि अहिलेसम्म नेपालले भारतसँग यस विषयमा सार्थक कूटनीतिक वार्ता गर्न सकेको छैन । चीनले पनि लिपुलेक पासमा भारतको नियन्त्रणलाई व्यापक रूपमा स्वीकार गरेको देखिन्छ, जुन आपत्तिजनक छ, किनकि लिपुलेक नेपाली भूभाग हो । यो त्रीपक्षीय विन्दु पनि हो ।

१९५४ को चीन-भारत व्यापार तथा तिब्बत क्षेत्रसँगको अन्तरक्रिया सम्झौतामा व्यापारी तथा तीर्थयात्रीहरूले शिपकी ला र लिपुलेकसहितका पास प्रयोग गर्न सक्ने उल्लेख गरिएको थियो । १९६२ को चीन-भारत युद्धपछि दुबै देशबीच सम्बन्ध बिग्रियो र लिपुलेक क्षेत्रमा वर्षौंसम्म कुनै संचार भएन । यद्यपि लिपुलेक क्षेत्र केही समयका लागि भारतलाई सैनिक व्यारेक बनाउन नेपालले दिएको भए पनि त्यसलाई भारतले आफ्नै बनायो, नक्सामा सामेल गऱ्यो । जुन बिस्तारवादको दृष्टान्त हो । स्मरणीय छ, १९९८ मा पत्रकार सुधीर शर्माले बुधबार साप्ताहिकमा ऋषिकेश शाहलाई सोधेका थिए- "कालापानीमा भारतीय सेनाको उपस्थिति किन यति ठूलो रूपमा बेवास्ता गरिएको होला ?"

शाहको जवाफ थियो- "त्यतिबेला राजा महेन्द्र सत्तामा थिए । हो, म मन्त्री परिषदमा थिएँ, तर परराष्ट्र मन्त्री होइन । जब मैले राजासँग मुद्दा उठाएँ, उनले भने यो मेरो चासो वा मन्त्रालयको विषय होइन, त्यसैले मौन बस्नुपर्छ ।"

पञ्चायत गयो, प्रजातन्त्रवादी, समाजवादी, सर्वहारावादीले लामो समय राजकाज चलाए, कसैले पनि ती भूभाग नेपालको हकाधिकारमा ल्याउन सकेनन् । भारतको हैकम चलिरह्यो र ७ वर्षअघि भारतले संविधान नै संशोधन गरेर ती क्षेत्र भारतको नक्सामा समावेश गरेको हो ।

कुनै पनि बहुदल, लोकतान्त्रिक सरकारले चुच्चेनक्साको क्षेत्रका बारेमा भारतसँग आँखा जुधाएर प्रमाण पछार्न र नेपालको हो भन्ने हिम्मत गरेनन् । भारत रिसाउँछ, चुनाव हारिन्छ, सत्ता खोसिन्छ भनेर दलपतिहरूले नेपाली भूभागबारे मुख कहिल्यै खोलेनन् ।

नेपाली जनताले चुच्चेनक्साको विषयमा मुद्दा बनाएर प्रदर्शन गर्न थालेपछि राजनीतिक दलहरु एक भएर सन २०२० मा, केपी ओली नेतृत्वको नेपाल कम्युनिस्ट पार्टी सरकारले नयाँ राजनीतिक नक्सा—"चुचे नक्सा" संविधानमा समावेश गरे । असलमा नेपालको पुरानो नक्सामा कायम रहेको र ०३२ सालसम्म पाठ्यक्रममै रहेको चुच्चेनक्सा बहुदलवादीहरूले कसरी मेटाए, कसको के चाख थियो भन्ने प्रश्न आज पनि कायमै छ ।

संविधान संशोधन गरेर नक्सा समावेश गरियो तर भूभाग भारतकै अधिकारमा रह्यो, प्रम बालेनका सामु यही यक्ष प्रश्न रहेको छ । कालापानी, लिम्पियाधुरा, र लिपुलेकका मुद्दाहरूलाई नक्सामा र सामाजिक सञ्जाल सामग्रीमा सीमित गर्नु हुँदैन । नेपालले सावधानीपूर्वक र कौशलपूर्ण कूटनीतिक तयारीसहित ती क्षेत्र नेपालको हकाधिकारमा आउनुपर्छ ।

हिजो जति जटिल मुद्दा थियो यो, आज त्यति जटिल छैन । नेपाली एकताको बल प्रम बालेनले पाए भने सीमा विवादका सबै मुद्दाहरूको छिनोफानो प्रम बालेनको यही भारत भ्रमणबाट सल्टिनेछ । बालेन सरकार हिजोका जस्तो राजनीतिक स्वार्थमा अड्केको सरकार होइन, न त अल्पमतका र जोडजाड सरकार हो । यो सरकारसँग सिङ्गो नेपालको समर्थन र साथ रहेको छ । प्रम बालेनको स्थापित शक्ति भनेको उनको इमान हो । त्यो इमानको पनि परीक्षा हो, प्रम बालेनको भारत भ्रमण ।



पढथ्यौ हामी बसीकन सँगै वेद, बाइबल, नमाज
पसेकेही नरपशुहरू ध्वस्त पारे समाज ।

मऱ्यौ ज्यूँदै त्यो जस्ले बिर्सियो देशको माटो
बाँच्यो त्यो मरेर पनि जस्ले सम्झियो देशको माटो ।

कायर भएर पटक पटक मर्नुभन्दा
बहादुर भएर एकै पटक मर्न सकौ ।

- अभियानवाणी

अभियान
साप्ताहिक

सम्पादकीय

राजनीतिक परिवर्तन भनेको सत्ता फेरिनुमात्र होइन ?

२०८२ भाद्र २३ गते भएको जेनजीहरूको विरोध प्रदर्शन र त्यही प्रदर्शनमा भएको दमनको विरुद्धमा भाद्र २४ गते मुलुकरभमै विध्वसात्मक कार्य भयो । त्यही विध्वसात्मक कार्यलाई देखाएर तत्कालिन एमाले, कांग्रेसको संयुक्त नेतृत्वमा प्रधानमन्त्री रहेका केपी ओलीलाई राजिनामा दिन बाध्य पारियो । भाद्र २४ गते देखि २७ गतेसम्म मुलुक सरकारविहिन अवस्थामा रहेको थियो । भाद्र २३ गतेको जेनजीहरूको विरोध प्रदर्शनमा रास्वपाको समर्थन रहेको थियो भने प्रदर्शनकारीहरूले भाद्र २३ गते नै सहकारी ठगी, सम्पत्ति शुद्धीकरण र संगठित अपराध लगायतका काण्डमा मुछिएको भन्दै अदालतलको आदेशमा जेलमा रहेका रास्वपा सभापति रवि लामिछानेलाई जेलमुक्त गराउँदै उनलाई प्रधानमन्त्री बनाउने नारा लगाउँदै आन्दोलनकारीहरूले स्वागत गरेका थिए ।

करिब एक हप्तासम्म सरकार विहिन अवस्थामा रहेपछि नै रास्वपा लगायत हामी नेपाली भन्ने संस्थाका व्यक्तिहरू र काठमाडौ महानगरका तत्कालिन मेयर बालेन साहको प्रत्यक्ष/अप्रत्यक्ष रुपमा आन्दोलनकारीहरूलाई सहयोग र समर्थन गर्दै आएकोमा बालेन साहले नै आन्दोलनकारीहरूलाई भाद्र २३ गते बेलुका देखि नै अब नेपाली सेनाका प्रधानसेनापतिसँग वार्ता गर भनेर स्टाटसमार्फत निर्देशन दिएका थिए भने उनको निर्देशननुसार नै हामी नेपली संस्थाका अध्यक्ष रहेका सुधन गुरुङ सहितका केही व्यक्तिहरूले प्रधानसेनापतिसँग वार्ता गरेपश्चात् संविधान विपरित सर्बोच्च अदालतकी पूर्व प्रधानन्यायाधिश सुशिला कार्कीलाई भाद्र २७ गते राष्ट्रपतिबाट प्रधानमन्त्रीमा नियुक्त गरिएको थियो । कार्की प्रधानमन्त्रीमा नियुक्त हुनासाथ संसद विघटन गरी २०८२ फागुन २१ गते संसदको निर्वाचन गराउने घोषणा गरिएको थियो । संसद विघटन र प्रधानमन्त्रीको नियुक्ति यी दुवै कार्य असम्वैधानिक रहेका थिए । तर भाद्र २३ र २४ गतेको घटनाको सम्पूर्ण दोष तत्कालिन केपी ओली नेतृत्वको सरकार र पुराना भन्ने भाष्य बनाइएका राजनीतिक दलहरूहरू नेपाली कांग्रेस, नेकपा एमाले, नेकपामाथि लगाइयो । त्यही बीचमा काठमाडौ महागनरका तत्कालिन मेयर बालेन साहलाई रास्वपाले आफ्नो पार्टीमा प्रवेश गराउने भित्री योजना बनाएको थियो । त्यसको एउटै कारण थियो बालेन साह कै कारण भाद्र २३ र २४ गतेको घटना भएको र ओली नेतृत्वको सरकार ढलेको अनि संसद विघटन भएको भन्ने बुझाई रास्वपाको रहेको थियो ।

२०८२ फागुनमा संसदको निर्वाचन गर्ने घोषणा पश्चात् राष्ट्रपतिसहितको हामी नेपाली भन्ने संस्था र बालेन सहितका व्यक्तिहरूले पुराना भनिएका दलहरूलाई अनेक प्रकारका आरोप लगाउँदै उनीहरूलाई जनताको नजरमा अपराधी, भ्रष्टाचारी भन्ने भाष्य निर्माण गर्न सफल भएका थिए भने रास्वपाले समेत त्यस्तै नारा लगाउँदै आफूले एकसय दिनमात्र सरकार सञ्चालन गर्न पाएको खण्डमा कायापलट गर्ने सस्तो नारा जनतासामू दिएको थियो भने बैदेशिक रोजगारीमा जाने युवायुवतीलाई स्वदेशमै रोजगारी दिने लोकप्रिय नारा दिएको थियो । फागुन २१ गते भएको संसदको निर्वाचनमा जनताले रास्वपालाई झण्डै दुई तिहाई मत दिए रास्वपाका २०८२ पुसमा पार्टी प्रवेश गरेका बालेनलाई रास्वपाको वरिष्ठ नेता बनायो । उनको टिममा रहेका प्रायः सबैलाई निर्वाचनमा टिकट दिइयो उनीहरूले निर्वाचनमा जित हॉसिल गरे । २०८२ चैत्र १३ गते रास्वपाका वरिष्ठ नेता रहेका बालेन साहको नेतृत्वमा सरकार गठन भयो । तर सरकार गठन भएको झण्डै आठ महिना पुग्न लाग्दा समेत रास्वापले निर्वाचनको बेला जनतालाई दिएका आश्वासनहरू मध्येका एउटा पनि पुरा भएका छैनन् । अहिले पनि बैदेशिक रोजागरीमा जानेहरूको संख्या घटेको छैन । प्रत्येक दिन त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा ठुलो संख्यामा युवायुवतीको लाइन देखिन्छ । प्रत्येक महिना झण्डै ६५ देखि ७० हजारसम्म युवायुवती विदेशिन बाध्य भएका छन् । सत्ता बाहिर रहँदा र निर्वाचनका बेला रास्वपाले युवायुवतीलाई नेपालमै रोजगारी दिने ग्यारेन्टी सहित १०० बुँदे कार्यक्रम जारी गरेको थियो । त्यो १०० बुँदे मध्येको एउटा पनि पुरा भएको छैन । रास्वपाले जारी गरेको घोषणा पत्र र १०० दिने कार्यक्रमलाई हेर्दा रास्वपा र रास्वपा नेतृत्वको बालेन सरकारले झुठको खेती बाहेक अन्य केही नगरेको प्रष्ट रुपमै देखिन्छ ।

पुराना दलहरूले केही गरेनन् भन्ने भाष्य तयार पारेर जनतालाई केही समय झुक्याउन सकिने भएपनि लामो समयसम्म त्यो सम्भव देखिँदैन । प्रधानमन्त्री बालेन साहको नेतृत्वको सरकार समेत अनेक काण्डमा फस्दै गएको छ । सरकारले नत सुशासन दिन सक्यो नत जनतालाई सेवा सुविधा नै । सरकारले प्रत्येक क्षेत्रमा हस्तक्षेपकारी भूमिकामात्र खेलिरहेको छ । संसदमा रास्वपाकै झण्डै दुई तिहाई मत रहेकाले सरकारलाई जनताको हितमा काम गर्न कस्ले रोक्यो ? यसको जवाफ रास्वपा र बालेन सरकारले जनतालाई दिनु पर्दछ । सरकारले प्रत्येक क्षेत्रमा हस्तक्षेपकारी भूमिका खेलेर हस्तक्षेप मात्र गरिरहेको छैन सम्वैधानिक निकायदेखि न्यायालयसम्म, कर्मचारीतन्त्रमा समेत हस्तक्षेपकारी भूमिका खेलेको छ भने निजी क्षेत्रका सञ्चारमाध्यमहरूलाई आर्थिक नाकाबन्दी लगाएर उनीहरूलाई या त बन्द गराउने नभएर सरकारको दास बनाउने रणनीति लिएको छ ।

पत्रकारहरूलाई लेखेकै भरमा पक्राउ गर्ने सञ्चारगृहमा प्रहरी पठाएर समाचार स्रोत नै बन्द गराउने जस्तो कार्यमा सरकार लागि परेको हुनाले निर्वाचनका बेला रास्वपा सभापति रवि लामिछाने जनतालाई दिएको आश्वासन र जारी गरेको बाचापत्र सत्ता हत्याउने खेलबाहेक अन्य केही नरहेको प्रष्ट हुँदै गएको छ । सुशासनको नाममा कर्मचारीहरूलाई प्रधानमन्त्री कार्यालयमा बोलाएर आफ्नो काम गराउन खोज्नु कहाँको सुशासन हो सरकार ? त्यसैले गर्दा बालेन सरकार बाहिर जे बोल्छ त्यो गर्दैन भित्र भित्र प्रतिशोधको राजनीतिमा सक्रिय रहेको छ भने सहजै अनुमान गर्न सकिने अवस्था आएको हामीले महसुस गरेका छौँ । यदि होइन भने संसदमा झण्डै दुई तिहाईको मत रहेको सरकारले जनतालाई सेवा सुविधा दिन नसक्नुको कारण के हो ? त्यो जनताले थाहा पाउनु जनताको अधिकार समेत हो भन्ने त्यो सुशासन पनि हो भन्ने हामीले ठानेका छौँ ।

किन कमजोर बन्दैछ सुशासन

काशीराज दाहाल

जनआन्दोलन, सशस्त्र विद्रोह, संविधानसभा, निर्वाचित सरकारको बाटोबाट आए पनि, संविधानमा संघीय लोकतान्त्रिक गणतन्त्र, कानुनी राज्य, समाजवाद उन्मुख राज्य व्यवस्था जे भनिए पनि शासन-प्रशासन बिचौलियाहरुको चंगुलबाट मुक्त हुन नसकेको छताछुल्ल नै छ । समाज परिवर्तनका नारा दिने राजनीतिक दलका नेताहरु, समृद्धि र सुशासनको वाचा गर्नेहरु, स्वतन्त्र न्यायपालिकाको कुरा गर्नेहरु, सुरक्षा तथा संवैधानिक निकायमा बस्नेहरुले बिचौलियासँग गठजोड गरेको विषय सार्वजनिक हुने गरेका छन् । यस्ता अमर्यादित र असंवैधानिक व्यवहारले आम नागरिकको अधिकारको संरक्षण र न्याय पाउने जनताको वैध अपेक्षामा ठूलो प्रहार भएको छ । यस्ता क्रियाकलापले संवैधानिक लोकतन्त्रप्रतिको विश्वास, न्यायपालिकाप्रतिको जनआस्था, सुरक्षाप्रतिको भरोसा र राजनीतिक दलप्रतिको अपेक्षामा गम्भीर प्रश्न उठेको छ ।

लोकतान्त्रिक राज्य व्यवस्थामा शक्ति पृथकीकरणको सिद्धान्तबमोजिम नागरिकको अन्तिम आशाको केन्द्र र संविधानको संरक्षक बन्नुपर्ने न्यायपालिकाले बिचौलियाको प्रभाव र इसारामा कार्य गर्न पुग्यो भने स्वतन्त्र न्यायपालिकाको अस्तित्व नै समाप्त हुन पुग्छ । नेपालको संविधानले दबाब र प्रभावबाट मुक्त भई निर्भीक र भयरहित रुपमा न्यायाधीशले विवाद निरुपण गर्न सक्ने गरी न्यायपालिकाको स्वतन्त्रताको संरक्षण गरेको छ । तर भयभीत भएर वा प्रलोभनमा परेर बिचौलियाको शरण लिनुपर्ने अवस्था भयो भने स्वतन्त्र न्यायपालिकाको गरिमा र प्रतिष्ठा धूलिसात् हुन्छ, न्यायालयप्रति जनविश्वास ढल्छ ।

न्यायाधीशहरुको मर्यादा, कार्यक्षमता, इमानदारी, स्वतन्त्रता, निष्पक्षता जस्ता कुराले नै न्यायपालिकाप्रति जनविश्वास बढ्ने हो । न्यायिक स्वतन्त्रताका सम्बन्धमा संविधानले गरेको प्रत्याभूति, अन्तर्राष्ट्रियस्तरबाट निर्धारित न्यायाधीशहरुको नैतिक आचरणसम्बन्धी बैंगलोर सिद्धान्त, सन् २००२ र न्यायाधीशका स्वीकृत आचरणका नियमहरुले बिचौलियासँगको साँठगाँठ अनैतिक, अमर्यादित र अक्षमता मानेर कारबाहीयोग्य बनाएका छन् । न्यायिक भ्रष्टाचार (जुडिसियल करप्सन) भन्नाले न्यायाधीशहरुले आफ्नो पदीय अधिकारको दुरूपयोग गरी घूस लिने, दबाबमा फैसला गर्ने वा अनैतिक लाभ लिने जस्ता कार्य बुझिन्छ । न्यायिक भ्रष्टाचारका उदाहरण विकसित मुलुकहरुमा नगण्य देखिए पनि अविकसित र विकासोन्मुख मुलुकहरुमा बढी नै देखिने गरेका छन् ।

संयुक्त राज्य अमेरिकामा सन् १८०४ मा संघीय सर्वोच्च न्यायालयका न्यायाधीश स्यामुयल चेजले राजनीतिक पूर्वाग्रह राखी निर्वाचनसम्बन्धी विवाद निरुपण गरेको भनी उनलाई महाभियोग लगाइएको थियो । सन् २०२३ मा न्यायाधीश थोमस क्लारेन्सले महँगा उपहार र आर्थिक लाभ लिएको भन्ने प्रश्न उठाई संवैधानिक नैतिकता विपरीतको कार्य मानियो । यस्तै, सन् २०१४ मा सर्किट कोर्ट जज माइक म्याजियोले घूस लिएको भनी दस वर्ष कैदको सजाय गरियो । अमेरिकामा न्यायाधीशको नियुक्तिबारे सिनेटको संसदीय सुनुवाइ ज्यादै प्रभावकारी भएकाले सामान्यतया खराब प्रवृत्तिको व्यक्ति न्यायाधीशमा नियुक्ति हुनै सक्दैन ।

बेलायतमा न्यायाधीशले घूस खान्छन् भनेर सामान्यतया जनताले पत्याउँदैनन् । न्यायाधीशहरुले पदीय आचरणका नियमहरु कठोर रुपमा पालना गर्छन् । न्यायपालिकाको न्यायिक मर्यादाको परम्परा बसिनसकेको समयमा भने सन् १८६५ मा लर्ड वेस्टवरीलाई नाता सम्बन्धका आधारमा विवाद निरुपण गरेको आरोपमा राजीनामा दिन लगाई पदमुक्त गरिएको थियो । सन् १९८३ मा सर्किट कोर्टका न्यायाधीश ब्रुस क्याम्पवेल हिवस्की र चुरोट भन्सार छलेर ल्याएको आरोपमा पक्राउ परेका थिए । अन्ततः उनले पेन्सन नै नपाउने निर्णय गरियो ।

अविकसित मुलुकहरुको उदाहरण हेर्दा घानामा उच्च अदालतका न्यायाधीशसमेत ३४ जनालाई घूस प्रकरणमा बर्खास्त गरियो । भारतमा सन् १९८९ मा सर्वोच्च अदालतका न्यायाधीश भी. रामास्वामीले पञ्जाब र हरियाणाको उच्च अदालतका मुख्य न्यायाधीश हुँदा भ्रष्टाचार गरेको आरोपमा महाभियोग लगाइयो । यसैगरी, सन् २०१८ मा भारतीय प्रधानन्यायाधीश दीपक मिश्राले पूर्वाग्रही तरिकाले मुद्दा तोक्ने गरेको भन्दै अन्य न्यायाधीशहरुले इजलास नै बहिष्कार गरेका थिए । उनीविरुद्ध लोकसभामा महाभियोगको प्रस्ताव बढाइएको थियो ।

सन् २०११ मा रकम हिनामिना गरेको कसुरमा कोलकाता उच्च अदालतका मुख्य न्यायाधीश सोमित्रा सेन र २०१४ मा भ्रष्टाचारको आरोपमा सिक्किम उच्च अदालतका मुख्य न्यायाधीश दिनकरणलाई महाभियोग लगाएर पदमुक्त गरिएको थियो । न्यायाधीशले अदालतको अवहेलना गरेको भनी कोलकाता उच्च अदालतका न्यायाधीश सी. एस. कर्णनलाई जेल सजाय नै गरियो । भारतमै न्यायाधीशहरु रचना तिवारी (२०१६), नवीन अरोरा (२०१७), एस.एन. शुक्ला (२०२३), राजीव गर्ग (२०२४), एशवन्त बर्मा (२०२५) लगायतका न्यायाधीशलाई खराब आचरणमा कारबाही गरेका दृष्टान्त छन् ।

नेपालमा पनि २०७८ फागुनमा तत्कालीन प्रधानन्यायाधीश चोलेन्द्रशमशेरलाई पदीय अधिकार दुरूपयोग गरेको अभियोगमा संसद्मा महाभियोग प्रस्ताव दर्ता गरिएको थियो । तर लामो समयसम्म अनिर्णीत रहेको उक्त प्रस्ताव अन्ततः २०७९ सालको संसदीय चुनावमा उम्मेदवारी दर्तापछि संसद् विघटनसँगै स्वतः निष्क्रिय हुन पुगेको थियो । यस्तै, सर्वोच्च अदालतका न्यायाधीशहरु कृष्णकुमार बर्मा र बलिराम कुमारलाई रविन्सन प्रकरणको लागूऔषध मुद्दामा पदीय अधिकारको दुरूपयोग गरेको भनी न्याय परिषद्कै छानबिनबाट निजहरुलाई राजीनामा दिन लगाई पदमुक्त गरेको दृष्टान्त छ ।

न्यायाधीशहरुले दबाब, प्रभाव र क्षमताको अभावमा गरेका निर्णयहरुमा पछि गएर पश्चात्ताप गरेको उदाहरणसमेत देखिन्छन् । सन् १९४४ मा अमेरिकाको संघीय सर्वोच्च अदालतका न्यायाधीशहरु रोबर्ट ज्याक्सन, फिलिक्स फ्रान्कफर्टरले कोरिमात्सुविरूद्ध संयुक्त राज्य अमेरिकाको मुद्दामा जापानी मूलका नागरिकहरुलाई बन्दीगृहमा राख्ने निर्णयलाई समर्थन गरी निर्णय गरेका थिए । तर पछि ती न्यायाधीशहरुले आफ्नो निर्णयमा ठूलो ग्लानि भएको सार्वजनिक रुपमै स्वीकार गरेका थिए ।

यसैगरी न्यायाधीशहरु लुइस पावेल, ह्यारी बल्याकमन र जोन पल स्टेभेन्सले सन् १९७६ को ग्रेगविरूद्ध जर्जियाको मुद्दा लगायतका अन्य केही मुद्दामा मृत्युदण्डलाई वैध बनाउने पक्षमा गरेको निर्णयमा पछुतो व्यक्त गरेका छन् । यस्तै, न्यायाधीश लुइस पावेलले सन् १९८६ मा बोवर्सविरूद्ध हार्डविकको मुद्दामा समलिंगी सम्बन्ध अवैध भनेको निर्णयमा पछुतो गरेका छन् । बेलायतमा १७औं शताब्दीका प्रधानन्यायाधीश जर्ज जेफ्रेजले राजा जेम्स द्वितीयका सम्बन्धमा रहेका हत्या र अत्याचारका मुद्दाहरुमा राजाको दबाबमा निर्णय गरेको भन्दै पश्चात्ताप गरेको र निजलाई दण्ड दिएको उदाहरण पाइन्छ । यस्तै, न्यायमूर्तिहरु जोन साइमन टंक्रिङ, पाउल ग्रेन लगायतका केही न्यायाधीशले विभिन्न मुद्दामा मनोमानी किसिमले सजाय तोकेको विषयमा पश्चात्ताप गरेका घटना छन् ।

भारतमा सन् १९७५ मा प्रधानमन्त्री इन्दिरा गान्धीले संकटकाल लगाएको अवस्थामा बन्दी प्रत्यक्षीकरणको उपचार निलम्बन हुने भनी १९७६ को शिवकान्त शुक्लाको मुद्दामा राय दिएकामध्येका न्यायाधीश पी.एन. भगवतीले उक्त राय आफ्नो न्यायिक जीवनकै ठूलो गल्ती भएको र त्यसले बेलाबेला आफूलाई पिरोल्ने गरेको सार्वजनिक गरेका थिए । यसैगरी, भारतीय सर्वोच्च अदालतका न्यायाधीश कुरिमन जोसेफले सन् २०१५ मा राष्ट्रिय न्यायिक नियुक्ति आयोग खारेज गर्ने संवैधानिक इजलासको निर्णयमा आफूले गरेको समर्थनमा पछुतो व्यक्त गरेका छन् ।

पाकिस्तानको सर्वोच्च अदालतले जुल्फिकार अली भुट्टोलाई मृत्युदण्डको फैसला सुनाउने न्यायाधीशहरुमध्ये नसिम हसन शाहसमेत थिए । उनी सन् १९९३ मा प्रधानन्यायाधीश पनि भए । प्रधानन्यायाधीशबाट निवृत्त भएपछि सञ्चारमाध्यममा अन्तर्वार्ता दिने क्रममा उनले जुल्फिकारलाई मृत्युदण्डको सजाय दिनुपर्ने त्यो उपयुक्त केस थिएन, त्यसमा दण्ड घटाउन सकिन्थ्यो भन्ने विचार व्यक्त गरेका थिए । त्यस विषयमा उनीविरूद्ध अदालतमा मुद्दा नै चलाइयो । यसरी न्यायाधीशले सत्ताको रापमा विवेक गुमाउँदा पश्चात्तापसमेत गर्नुपरेको घटना देखिएका छन् ।

नेपालमा पनि पञ्चायतकालमा भीमनारायण श्रेष्ठ र कप्तान यज्ञबहादुर थापालाई मृत्युदण्डको सजाय सुनाउने सर्वोच्च अदालतका तत्कालीन न्यायाधीश वासुदेव शर्माले २०४६ सालको राजनीतिक परिवर्तनपछि स्वीकार गरे- उक्त निर्णय राजनीतिक दबाबमा गरेको गलत फैसला थियो । यसैले न्यायाधीशहरु भयमुक्त भई विवेकलाई बन्धक नराखी निर्णय गर्ने साहस गरेमा नै न्यायपालिकाको गरिमा, प्रतिष्ठा बढ्ने र त्यस्ता न्यायाधीश समाजमा उदाहरणीय र सम्मानित भइरहन सक्छन् ।

विश्वका विभिन्न मुलुकका न्यायाधीशहरुले सिर्जनशील व्याख्याका माध्यमबाट कानुन र न्यायका मान्य सिद्धान्त विकास गरेका छन् । बेलायतको कानुन प्रणाली कमन ल न्यायाधीश निर्मित कानुनको उपज हो । बेलायतमा कठोर शासक राजा जेम्स प्रथमको शासनकालमा न्यायमूर्ति इडवाई कोकले सन् १६१० मा बोनहामको मुद्दामा शासक (राजा) कानुनको अधीनमा भएकाले उनले पनि कानुनको पालना गर्नुपर्छ, कमन ल र प्राकृतिक न्यायको सिद्धान्तविपरीत कानुन बनाएर स्वेच्छाचारी किसिमले कुनै पनि नागरिकलाई सजाय गर्न मिल्दैन भन्ने व्याख्या गरी नागरिक अधिकारको पक्षमा साहसिक निर्णय गरेका थिए । जुन निर्णय कानुन र न्यायको आधारभूत सिद्धान्त बन्न पुग्यो ।

सन् १७७२ मा न्यायमूर्ति लर्ड म्यान्सफिल्डले बेलायतको भूमिमा दासदासीको व्यापार स्वीकार्य छैन, दास बनाउने कार्य अनैतिक हो भनेर गरेको निर्णय दासत्व उन्मूलनको निम्ति आधार बन्न पुग्यो । बेलायतका न्यायमूर्ति लर्ड एटकिन, लर्ड डिपलक, लर्ड डेनिङ लगायतका न्यायाधीशहरुले क्षतिपूर्तिको सिद्धान्त, अविवेकी निर्णय बदरयोग्य हुने सिद्धान्त, मानव अधिकारको उल्लंघन हुने गरी अधिकार अतिक्रमण गर्न नसकिने जस्ता महत्त्वपूर्ण कानुनी सिद्धान्तलाई बेलायती समाजमा स्थापित गरेका कारण उनीहरु आजपर्यन्त स्तुत्य छन् ।

अमेरिकाका प्रथम प्रधानन्यायाधीश जोन मार्सलले सन् १८०३ मा मारवरीविरूद्ध मेडिसनको मुद्दामा विधायिका निर्मित कानुन संविधान प्रतिकूल भएमा सर्वोच्च न्यायालयले अमान्य गर्न सक्ने व्याख्या गरी अमेरिकाको संवैधानिक विकासमा न्यायिक पुनरावलोकनको सिद्धान्तलाई स्थापित गरे । यस्तै, अलिभर डब्लू होम्स, अर्ल वारेन जस्ता न्यायाधीशहरुले वैयक्तिक स्वतन्त्रता, उचित प्रक्रियाको व्याख्या, नागरिक अधिकारको संरक्षणमा उल्लेखनीय योगदान गरेका छन् ।

दक्षिण अफ्रिकी अन्तर्राष्ट्रिय फौजदारी न्यायालयकी न्यायाधीश नाभी पिल्ले मानवअधिकारको संरक्षणमा योगदान गर्ने सम्मानित नाम हो । उनले सन् २०२६ को नोबेल शान्ति पुरस्कारसमेत पाइन् । यस्तै, क्यानडाको सर्वोच्च न्यायालयकी न्यायमूर्ति वर्थ विल्सनलाई महिला अधिकारको संरक्षणमा गरेको कामका निम्ति उदाहरणीय मानिन्छ । भारतका मोहम्मद हिदयातुल्ला, वाई. भी. चन्द्रचूड, कृष्ण अय्यर लगायतका न्यायमूर्तिहरुले संवैधानिक विधिशास्त्र र सामाजिक न्यायको क्षेत्रमा उल्लेख्य निर्णय गरेका कारण सम्मानित छन् । नेपालमा २००७ सालपछि विधिको शासन र स्वतन्त्र न्यायपालिकाको महत्त्वपूर्ण जग बसालेको आधारमा प्रथम प्रधानन्यायाधीश हरिप्रसाद प्रधानको नाम सम्मानपूर्वक लिइन्छ ।

अन्त्यमा, न्यायपालिका न्यायको आस्थाको केन्द्र हो । न्यायको पवित्र स्थानमा बस्ने न्यायाधीशहरुमा खराब आचरण, इमानदारीको अभाव वा कार्यक्षमतामा कमी भएमा पदमुक्त गर्ने, कारबाही गर्ने, पेन्सन रोक्का गर्ने, अदालत स्वयंको अवहेलनामा सजाय गर्ने विश्वको अभ्यास छ । न्यायाधीशहरुले कार्यकारी पदमा जाने मोह राख्नु हुँदैन । न्यायको आसनमा बसी विभिन्न स्वार्थका कारण न्याय प्रदान गर्न नसक्ने व्यक्ति न्यायाधीश नभई फैसलाधीश मात्र हुन पुग्छ । शासन-प्रशासन बिचौलियामुक्त नभएमा सुशासन र नागरिक अधिकार असुरक्षित हुन्छ । यस कुरामा सम्बन्धित सबैको चेतना भया । *-कान्तिपुर*

प्रधानमन्त्रीको भारत भ्रमण र राष्ट्रिय हित

डा. भीम रावल

प्रधानमन्त्री वा राज्यको महत्वपूर्ण जिम्मेवारीमा रहनेहरूले विदेश भ्रमणका वेला गर्ने वार्ता देशको अन्तर्राष्ट्रिय सम्बन्धका घोषित नीतिअनुरूप हुनुपर्छ । सोहीअनुरूप कूटनीति सञ्चालन हुनु आवश्यक छ । कूटनीति देशको हित र सुरक्षाको संरक्षण र प्रवर्द्धन गर्ने सशक्त माध्यम हो । राष्ट्रिय स्वार्थको रक्षा र परिपूर्ति गर्ने महत्वपूर्ण साधन हो । यही मान्यताअनुरूप विश्वका सार्वभौम र स्वतन्त्र देशले कूटनीति र अन्तर्राष्ट्रिय सम्बन्ध सञ्चालन गर्दै आएका छन् । नेपालले त्यस्तै मान्यता राख्दै आएको छ र नेपालको संविधानले मार्गदर्शन गरेको छ । यद्यपि देशमा राजनीतिक प्रयोगका अनेक शृंखलामा कूटनीति र अन्तर्राष्ट्रिय सम्बन्धलाई राष्ट्रिय स्वार्थभन्दा निहित सत्तास्वार्थ र वैभवका लागि दुरूपयोग गरिएको पनि छ । फलस्वरूप नेपाल राष्ट्रिय स्रोत, साधन र क्षमताको पूर्ण सदुपयोग गर्नबाट वञ्चित भएको छ । कमजोर आर्थिक स्थिति र विपन्नता, अस्थिर राजनीति, कमजोर राष्ट्रिय सुरक्षा, अविकास तथा बाह्य चलखेल एवं दबाबको चंगुलमा फसेर असमान सन्धि-सम्झौता र अन्तर्राष्ट्रिय व्यवहारको सिकार भएको छ ।

सबै दृष्टिकोणले नौलो दिशा र स्थितितर्फ देशलाई डोर्याउँदै जनताको सर्वोपरी हितको नारा दिएर प्रतिनिधिसभामा भन्डै दुईतिहाइ मत पाएको राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) सरकारको कूटनीति र अन्तर्राष्ट्रिय सम्बन्ध कस्तो होला भन्ने जिज्ञासा सर्वत्र थियो । तर, सरकार गठन भएयता प्रधानमन्त्री, मन्त्री र सत्ताधारी दलका सांसदका कतिपय भनाइ र कामले नेपालको अन्तर्राष्ट्रिय सम्बन्ध र कूटनीति वाञ्छित मार्गतर्फ अग्रसर भएको महसुस हुँदैन । बरू बहकिएको प्रतीत हुन्छ । यस्तो परिवेशमा प्रधानमन्त्री बालेन्द्र शाहको आसन्न भारत भ्रमणको परिणाम कस्तो होला भनी सचेत नेपालीले चासो र सरोकार राखिरहेका छन् ।

'भुकनीति' होइन कूटनीति : अरू देशले झैं नेपालले संविधानबमोजिम राष्ट्रिय हित, सुरक्षा र स्वार्थका लागि अन्तर्राष्ट्रिय सम्बन्ध सञ्चालन गर्नु स्वाभाविक हो । आफ्नो राष्ट्रिय सुरक्षा, हित, भौगोलिक अखण्डता र स्वाभिमानको पक्षमा उभिनु कुनै देशको विरोध वा त्यसप्रतिको दुर्भाव ठहरिन्न । तथ्यहीन किसिमले पूर्वाग्रही भएर कुनै देशप्रति दुराग्रह राख्नु गलत हो । आफ्नो हित, सुरक्षा र अखण्डतामा आँच आउने कुरामा कुनै पनि देश सहमत हुँदैन र कसैले त्यस्तो प्रयास गरेमा विरोध मात्र होइन, लडाइँ नै हुने गरेका प्रशस्त उदाहरण छन् । तर, नेपालको भौगोलिक अखण्डताको रक्षाको पक्षमा जनताले आवाज उठाइरहेका वेला प्रधानमन्त्रीले संसद्मा जनताको आवाजको पक्षमा बोल्नुको साटो 'नेपालले पनि भारतको धेरै जग्गा मिचेको रहेछ' भन्ने अभिव्यक्ति दिने र अर्थमन्त्रीले भारतमा गएर 'भारत विरोधमा आधारित नेपालको राष्ट्रवादको युगको अन्त्य' र 'महेन्द्रकालीन राष्ट्रवाद समाप्त' भन्ने, प्रधानमन्त्रीका प्रमुख राजनीतिक सल्लाहकारले भारतको गोप्य भ्रमण गरी त्यहाँका सुरक्षा र गुप्तचर अधिकारीसँग भेटवार्ता गर्ने र त्यसबारे सरकार तथा सत्ताधारी दलले प्रस्ट नगर्नेजस्ता घटनाले जनतामा आशंका उत्पन्न हुनु स्वाभाविक हो । अझ नेपालको पररा्ष्ट्र नीतिका मूलभूत प्रस्थावनाविपरीत दलाई लामाको बधाई ग्रहण गर्नेदेखि निजको जन्मोत्सव काठमाडौंमा मनाउन स्वीकृति दिने, कथित निर्वासित सरकारका सांसदलाई नेपालमा भ्रमण गर्न दिने, नेपाली सेनाको सुरक्षामा अमेरिका र अस्ट्रेलियालाई मात्र प्रवेश गर्न दिने गरी मुस्ताङमा 'प्याक्स सिलिकाना' नामक कम्पनीलाई तथ्यांक केन्द्रका नाममा ३० वर्गकिलोमिटर क्षेत्र ओगट्न दिने, नागरिकता खुकुलो बनाएर तिब्बती शरणार्थीलाई नागरिकता दिने, देशका संवेदनशील शैक्षिक र धार्मिक-सांस्कृतिक संस्थामा विवादास्पद व्यक्तिलाई उच्च पदमा नियुक्त गर्नेजस्ता कुराले नेपालको अन्तर्राष्ट्रिय सम्बन्ध र कूटनीतिमा चुनौती थपेका छन् । यस्तो अवस्थामा पहिल्यैदेखि विभिन्न समस्याको समाधान आवश्यक रहेको भारतसँगको सम्बन्धका क्षेत्रमा प्रधानमन्त्री बालेन्द्र शाहको भ्रमणले कस्तो प्रभाव र परिणाम सिर्जना गर्ला भन्ने गम्भीर चासो र चिन्ता नेपालमा हुनु स्वाभाविक छ । विगतमा भएका यस प्रकारका भ्रमणमा नेपालको हित हुने र उपलब्धि हासिल हुनेभन्दा थप हानि र समस्या सिर्जना भएका उदाहरण छन् । कूटनीतिलाई राष्ट्रिय हितको माध्यमका रूपमा आत्मसात् गर्दै सोहीअनुसार काम गर्नुको साटो सत्ता र वैभवको निहित स्वार्थमा 'भुकनीति' अवलम्बन गरी देशको हितमा आघात पुगेका घटना पनि छन् । यस्ता घटना-परिघटनाबाट पाठ सिकेर नेपालको संविधानको धारा ५, धारा ५१ र धारा २७९ मा उल्लिखित स्वाधीनता र स्वाभिमान, स्वतन्त्र पररा्ष्ट्र नीति, राष्ट्रिय हित र सुरक्षा, भौगोलिक अखण्डता, राष्ट्रिय अर्थतन्त्र एवं राज्यका नीति र सन्धि-सम्झौताबारे प्रधानमन्त्रीलगायत नेपाल सरकारका मन्त्री एवं प्रतिनिधिमण्डलले विदेश भ्रमणमा काम गर्नुपर्छ ।

विषयकेन्द्रित समाधान : नेपाल र भारतबिच बहुआयामिक सम्बन्ध छ । दुई देशबिचका समस्या वा विषयलाई सार्वभौम समानता, पारस्परिक हित र सम्मानका आधारमा समाधान गरिएमा पारस्परिक सम्बन्ध सुमधुर र संकोचरहित बन्न सक्छ । विगतदेखि थुप्रिँदै आएका वा रहँदै आएका समस्या पन्छाएर अगाडिको सम्बन्ध विश्वासपूर्ण हुन सक्दैन । विगतदेखि रहँदै आएका समस्या वा मतभेदप्रति आँखा चिम्लेर द्विपक्षीय सम्बन्ध नौलो चरणमा सहजै अघि जान सक्दैन । यद्यपि, प्रधानमन्त्रीको पहिलो भारत भ्रमण वा भेटवार्ताबाट सबै मतभेद हट्नैपर्छ वा समस्या समाधान हुनैपर्छ भन्ने होइन । मूलभूत विषयले वार्तामा स्थान पाउनुपर्छ वा कम्तीमा नेपालका तर्फबाट ती कुरा उठाइनुपर्छ । वार्ता, प्रक्रिया लामो हुन पनि सक्छ । समानता, पारस्परिक हित र विश्वासका आधारमा द्विपक्षीय सम्बन्धलाई अघि बढाउन नेपालको राष्ट्रिय हित र सरोकारका विषय उठाइनुपर्छ । भारतले आफ्नो हितका विषय सधैं वार्तामा राख्ने गरेको छ र यसपटक पनि राख्नेछ । तर, नेपालतर्फको प्रस्तुति कतिपय अवस्थामा अत्यन्त कमजोर, फितलो, हीनताबोध र सत्तास्वार्थको छायामा पर्ने गरेको देखिन्छ । अतः राष्ट्रिय ज्ञान, चेतना र कूटनीतिक दक्षताको सदुपयोग गर्दै राम्रो गृहकार्यसाथ प्रधानमन्त्रीले भारतीय प्रधानमन्त्रीसँगको भेटवार्तामा प्रस्तुत हुनुपर्छ । प्राथमिकीकरण गरी वार्तामा उठाउनैपर्ने विषय तय गरिनुपर्छ । साथै, भारतीय पक्षले वार्तामा राख्ने विषयको कूटनीतिक माध्यमबाट राम्रो जानकारी प्राप्त गरी त्यसबारे नेपालको धारणा स्पष्ट हुनुपर्छ । यद्यपि, भारतीय पक्षले वार्तामा अपनाउन सक्ने लचिलो वा कठोर अडानअनुरूप प्रधानमन्त्रीले आफ्ना अधिकारीसँगको परामर्शमा तत्काल राष्ट्रिय हितअनुकूल नेपालको धारणा राख्नुपर्छ । भेटवार्तामा नेपालका तर्फबाट निम्न विषयमा छलफल हुनु सान्दर्भिक देखिन्छ :

१) राणा प्रधानमन्त्री मोहनशमशेरले सत्ता जोगाउन भारतसँग सन् १९५० मा गरेको असमान सन्धिको पुनरावलोकन गर्ने भनी नेपालका प्रधानमन्त्री मनमोहन अधिकारी र भारतीय प्रधानमन्त्री पिभी नरसिंह रावबिच २०५२ सालमा भएको सहमति तथा पछि दुई देशको सहमतिमा गठित प्रबुद्ध व्यक्ति समूहद्वारा प्रस्तुत प्रतिवेदनको कार्यान्वयन ।

२) पञ्चेश्वर बहुउद्देश्य आयोजनासहित सबै जलविद्युत् आयोजनाबारे वार्ता गर्दा पानीमा नेपालको पूर्ण अधिकारबारे स्पष्ट अडान रहनुपर्छ । महाकाली सन्धि ३० वर्षसम्म कार्यान्वयन हुन नसकेकाले दश वर्षमा पुनरावलोकन गर्ने भन्ने प्रावधानअनुसार पुनरावलोकन गर्दै महाकाली नदीको उद्गमस्थलबारे स्पष्ट गर्नुका साथै नेपालको हितविपरीतका प्रावधानमा संशोधन ।

३) नेपालका लिम्पियाधुरा, लिपुलेक, कालापानी, सुस्तालगायत भूभागमा नेपालको पूर्ण हकभोगका लागि ऐतिहासिक अभिलेख र तथ्यका आधारमा वार्ता र टुंगो लगाउन प्रस्ताव । दार्चुलाको सदरमुकाम खलंगामा केही वर्षअघि महाकाली नदीको बाढीले नेपालको भूभाग कटान गरी केही भूभाग महाकालीको पश्चिम किनारमा पर्न गएकोमा त्यसमा नेपालको हकभोग कायम गर्ने । नेपाली भूभागबारे स्पष्ट सहमतिपछि मात्र नेपाल र भारतबिच भएको सीमा पुनः रेखांकनसम्बन्धी दस्ताबेजबारे टुंगो लगाउने ।

४) माथिल्लो कर्णाली जलविद्युत् आयोजना विकास सम्झौता भएको १२ वर्ष बित्न लाग्दा पनि जिएमआर कम्पनीले काम अगाडि नबढाई सम्झौता उल्लंघन गरेकोमा सो सम्झौता भंग गर्नुका साथै सम्झौताको प्रावधानअनुसार जिएमआरले नेपाललाई क्षतिपूर्ति दिने ।

५) नेपालको भारतसँग बढ्दो व्यापारघाटा तथा भारतका वस्तु र उत्पादन (कृषि उपजसहित)ले नेपालमा निर्बाध प्रवेश गरेझैं नेपाली वस्तु र उत्पादनको भारतमा निर्बाध प्रवेश । चिया, जुटलगायत वस्तुमा भारतले लगाएका नियन्त्रणात्मक र परिमाणात्मक बन्देज हटाउने ।

६) नेपालको विद्युत् भारतीय भूमि भएर बंगलादेश निर्यात हुने सहज स्थिति निर्माण ।

७) भारतीय यातायातका साधनको नेपालमा भन्डै निर्बाध प्रवेश तथा सेवाझैं नेपालका यातायातका साधनले भारतमा निर्बाध प्रवेश र सेवा वा नेपालको ढुवानी सेवासहित यातायात सेवामा धक्का नलाग्ने गरी मात्र भारतीय यातायातका साधनलाई नेपाल प्रवेशको अनुमति ।

८) पश्चिमतर्फबाट भैरहवा र पोखरा अन्तर्राष्ट्रिय विमानस्थलमा आउने अन्तर्राष्ट्रिय उडानलाई भारतीय हवाई क्षेत्र भएर आउने अनुमति दिने ।

९) तराई क्षेत्रमा हुने डुबानको समस्या समाधानका लागि अन्तर्राष्ट्रिय कानुन र द्विपक्षीय असल सम्बन्धको मान्यताविपरीत दशगजा क्षेत्र वा सीमामा नदी र खोलाको प्राकृतिक बहाव रोक्ने गरी बनाइएका तटबन्ध, बाँध वा अन्य संरचना हटाउने ।

१०) भारतीय चलचित्र र पत्रपत्रिका तथा समाचार माध्यमले नेपालमा निर्बाध प्रवेश पाएझैं नेपाली चलचित्र, पत्रपत्रिका र समाचार माध्यमले भारतमा प्रवेश पाउने वा यस सम्बन्धमा पारस्परिक समान व्यवहार हुनुपर्ने ।

११) सीमा क्षेत्रमा भारतले आफ्नो आवश्यकताअनुकूल समय-समयमा नियन्त्रण र नियमनका उपाय अवलम्बन गरेझैं नेपालले पनि आफ्नो सुरक्षा र हितअनुकूल त्यसो गर्न पाउने । सिमानामा आवतजावत गर्ने मानिसको व्यवस्थित लगत राख्ने ।

१२) भारतबाट नेपाल फर्कने नेपालीप्रति भारतीय सीमामा हुने दुर्व्यवहार हटाउने ।

१३) पारस्परिक कानुनी सहायता सम्झौतामा भारतका तर्फबाट त्यहाँको गृह मन्त्रालयजस्तै नेपालका तर्फबाट पनि समकक्षी गृह मन्त्रालय नै सरोकार मन्त्रालय हुनुपर्ने ।

१४) असमान गोर्खा भर्ती सन्धिको नेपालमा लामो समयदेखि नै विरोध भइरहेको सन्दर्भमा भारतले अघि सारेको अग्निवीर कार्यक्रमअन्तर्गत नेपालीको भर्ती गर्न नमिल्ने तथ्य स्पष्ट पार्ने ।

१५) नेपालको त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा यात्रुको सुरक्षा जाँचमा रहेको छुट्टै भारतीय सुरक्षा व्यवस्था अन्त्य गरी भारतीय विमानका यात्रुको विशेष सुरक्षा जाँचसम्बन्धी व्यवस्था नेपालले गर्ने ।

१६) कोशी उच्च बाँध तथा पश्चिम सेती जलविद्युत् आयोजना सम्बन्धमा नेपालमा थप छलफल गरेर मात्र आवश्यक धारणा तय गर्ने ।

१७) रेलमार्गका सन्दर्भमा नेपालको जोड पूर्व-पश्चिम रेलमा हुनुपर्छ । केवल सीमा सहरमा भारतीय रेल लाइन जोड्ने कार्य नेपालको आवश्यकता र प्राथमिकता होइन । यसका लागि आवश्यक चालक र प्राविधिक नेपालमै तयार गर्ने व्यवस्था हुनुपर्छ ।

भारतसँग ठुलो परिणाममा लिइने ऋणको ब्याज तथा अन्य सर्त नेपालको बृहत्तर राष्ट्रिय हितअनुकूल हुनुपर्छ । साथै पहिल्यै विकास र अवसरको सुविधा पाइरहेका क्षेत्रमै बाह्य ऋण र सहयोग रकम प्रवाहको प्रवृत्ति रहेकाले भारतबाट प्राप्त हुने सहयोग र ऋणको उपयोग नेपालका सबै क्षेत्रको न्यायोचित विकास र प्रगतिलाई ध्यानमा राखेर हुनुपर्छ ।

भारतसँग वार्तामा उठ्न सक्ने र उठाइनुपर्ने उपर्युक्त विषयसमेतका सम्बन्धमा नेपाली पक्षको प्रभावकारी प्रस्तुतिका लागि देशभित्रका विज्ञ, कूटनीतिज्ञ तथा राजनीतिक दलका नेतासँग छलफल र परामर्श गर्नु उचित हुन्छ ।

राम्रो तयारी, राष्ट्रिय दृष्टिकोण र उचित अडानको अभावमा विगतमा भारतसँगका कतिपय वार्तामा नेपाल चिप्लिएको/चिप्ल्याइएको वा वार्तामा संलग्नहरूको स्वार्थको अचानोमा पर्नुपरेको तीतो अनुभव पनि छ । यस्तो स्थितिको पुनरावृत्ति हुन नदिने अवसर वर्तमान सरकारलाई प्राप्त छ । *-नयाँ पत्रिका*



एनपिएलले बनाउँदै छ अर्थतन्त्रलाई चलायमान



काठमाडौं- जेन-जी आन्दोलन, रसुवा भोटेकोशीलगायतका कारण भएको आर्थिक क्षतिलाई नेपाल प्रिमियर लिग (एनपिएल) को तेस्रो सिजनले टेको मात्रै दिएको छैन, अगाडि बढ्न प्रेरित गरेको छ । प्रतियोगिता सञ्चालन अवधिभर नेपाल क्रिकेट संघ (क्यान) ले ७५ करोड र सहभागी आठ फ्रेन्चाइज टिमले ८० करोड गरी डेढ अर्बभन्दा बढीको कारोबार गर्ने देखिन्छ । त्यसमाथि दर्शक तथा आबद्ध अन्य क्षेत्रले गर्ने अप्रत्यक्ष खर्चको भन् ठुलो हुने जानकारहरु बताउँछन् ।

प्रतियोगिताभर खाद्यान्नको खपतदेखि विश्वविख्यात ब्रान्डका जर्सीको व्यापारसमेत बढेको छ । प्रसारण र विज्ञापन बजार बढोत्तरी भएको छ । साना गेस्टहाउसदेखि पाँचतारे होटेलले समेत व्यवसाय पाएका छन् । खेलाडी र दर्शकले पर्यटकीय गतिविधि बढाएका छन् । एनपिएलसँग जोडिएका यस्ता गतिविधिले अर्थतन्त्रका सबै क्षेत्रलाई लाभान्वित बनाएको होटेल एसोसिएसन अफ नेपाल (हान) का अध्यक्ष विनायक शाहले बताए । 'एनपिएल एउटा उद्योगका रूपमा विकास भएको छ,' उनले भने, 'यसले समग्र अर्थतन्त्रलाई चलायमान बनाउन महत्वपूर्ण योगदान गरेको देखिन्छ ।' प्रतियोगिता अन्त्यतिर आइसकेको भए पनि क्यानले तेस्रो एनपिएलको हिसाब सार्वजनिक गरेको छैन । ९० दिनभित्रै प्रतियोगिताको आय-व्यय सार्वजनिक गर्नेछ । तर, यसपटक डेढ अर्बमाथि कारोबार हुने दाबी गरिएको छ ।

पहिलो पटक अन्तर्राष्ट्रिय क्रिकेट परिषद् (आइसिसी) बाट मान्यता, डिसिजन रिभ्यु सिस्टम (डिआरएस) र चर्चित विदेशी खेलाडी भित्रिदा एनपिएलले माहोल ह्वात्तै बढायो । पहिलो सिजन गतिलो मैदान र फ्लड लाइट नहुँदा नै क्यानले एक अर्ब बढीको कारोबार गरेको दाबी गरेको थियो । दोस्रो सिजनमा मैदानमा स्थायी नौ हजार सिटसहित फ्लड लाइट जडान भएपछि एनपिएलले ठुला कर्पोरेट हाउस, होटेल व्यवसायी, अन्तर्राष्ट्रिय खेलाडी, कलाक्षेत्रलाई जोड्न सफल भयो । तेस्रो सिजनमा दायरा झनै फराकिलो भयो । अहिले कर्पोरेट हाउसहरु एनपिएल आयोजक तथा सहभागी आठ टिमसँग जोडिन प्रतिस्पर्धामा छन् ।

क्यानका कोषाध्यक्ष पदमबहादुर खड्का‌ले आफ्नै स्रोतसाधनबाट क्यान एनपिएल आयोजना गर्न सफल भएको र अहिले डेढ अर्ब बढी कारोबार गर्न सफल हुने बताउँछन् । 'हिजो क्यान आफैं २५ करोड लगानी गर्न नसक्ने अवस्थामा थियो । पछिल्लो पटक हामीले ७० करोडमाथि कारोबार गर्यौं । यसपटक डेढ अर्ब पुर्याउने योजना छ । सोहीअनुसार हामी अगाडि बढेका छौं र सफल पनि भएका छौं,' उनले भने, 'एनपिएलले ठुला कर्पोरेट हाउसदेखि होटेल व्यवसायी, यातायात व्यवसायीदेखि सबैलाई जोडेको छ ।' सरकारले एनपिएललाई हरेक प्रदेशमा लैजान सहयोग गरे देशकै अर्थतन्त्रलाई प्रभाव पार्ने उनको भनाइ छ ।

एनपिएलले पर्यटन प्रवर्द्धनमा समेत ठुलो योगदान पुर्याएको छ । सामाजिक सञ्जालमा लाखौं फलोअर्स भएका अन्तर्राष्ट्रिय खेलाडी नेपाल आएर खेल्दै नेपालको पर्यटन प्रवर्द्धन गरिरहेका छन् । कर्णाली याक्स स्पोर्ट्सका अध्यक्ष गृहेन्द्र धिमिरेले एनपिएलले आर्थिक गतिविधिसहित पर्यटन प्रवर्द्धनमा सहयोग गरिरहेको बताए ।

क्यानले स्पोन्सर, टिकट बिक्री, लाइभ बोर्डकास्ट र ओटिटी लाइभबाट ठुलो मात्रामा आर्थिक संकलन गरेको छ । प्रतियोगिताको ओटिटी प्रसारण अधिकार नै नेटफ्लिभीलाई १८ करोड ६ लाखमा तथा टेलिभिजन अधिकार हिमालयन टेलिभिजनलाई करसहित १७ करोड २४ लाखमा बेचेको छ । क्यानले यसपटक पुरस्कार राशिसमेत बढाएको छ । दोस्रो संस्करणको विजेता लुम्बिनीले एक करोड १० लाख पाउँदा यसपटकको विजेताले एक करोड ५० लाख पाउनेछ ।

प्रतियोगितामा सहभागी आठ टिमले विश्व चर्चित खेलाडीलाई अनुबन्ध गर्ने गरेका छन् । नेपाली खेलाडीले २० लाखसम्म पाउँदा विदेशी खेलाडीले भने तीन करोडसम्म पारिश्रमिक पाएको स्रोतको दाबी छ । कर्णाली याक्सबाट खेल्न आएका दक्षिण अफ्रिकाका डेभिड मिलर, काठमाडौं गोर्खाजका अस्ट्रेलियन खेलाडी डेभिड वार्नर, वेस्टइन्डिजका आन्द्रे रसेललाई डेढ करोडमाथि खर्च गरेका छन् । त्यस्तै, विराटनगरले श्रीलंकाका पूर्वकप्तान एन्जेलो म्याथ्युज, जनकपुरले न्युजिल्यान्डका अलराउन्डर जिमी निसम, इंग्ल्यान्डका चर्चित स्पिनर मोइन अली तथा पोखराले बंगलादेशका सकिब अल हसन तथा सुदूरपश्चिमले वेस्टइन्डिजका सेरफन रदरफोर्ड र फेबियन एलेनलाई महँगो मूल्यमा भित्र्याए । यद्यपि पाकिस्तानी क्रिकेट बोर्डको माग पूरा गर्दै काठमाडौंले जहानदाद खान र कर्णाली याक्सले हुसैन तलातलाई अतिरिक्त नेपाली ३५ लाख थप खर्च गरेर मैदानमा उतारे ।

यसपटक क्यानले प्रतियोगितामा सहभागी टिमलाई चारदेखि पाँचतारे होटेलमा राख्नुपर्ने मापदण्ड बनाएको थियो । सोहीअनुसार सुदूरपश्चिम रोयल्सले ग्वार्कोको होटेल तुलिप, जनकपुरले लाजिम्पाटको र्याडिसन होटेल, लुम्बिनी लायन्सले झम्सीखेलको भिभान्ता होटेल, विराटनगर किंग्सले सोल्टीमोडको ह्यायात सेन्ट्रिक होटेल, काठमाडौं गोर्खाजले रविभवनको होटेल क्राउन इम्पेरियल, कर्णाली याक्सले तिलगंगाको बेस्ट वेस्टर्न प्लस होटेल, चितवन राइनोजले काठमाडौंको मण्डला नोर्लिङ लड्र्स र पोखरा एभेन्जर्सले बेस्ट वेस्टर्न प्लस गोदावरी होटेललाई आफ्नो हस्पिटालिटी पार्टनर बनाएका छन् ।

प्रतियोगितामा सहभागी फ्रेन्चाइजी टिमले ६ करोडदेखि १२ करोडसम्म खर्च गरेको अनुमान छ । गत संस्करणमा एक टिमले ६ देखि १० करोडसम्म खर्च गरेको थियो । टिमले अक्सन र विदशी खेलाडी अनुबन्ध गर्दा, अफिसियल अनुबन्ध, अफिसियल किट, सोसल मिडिया, यातायातमा ठुलो खर्च गर्दै आएका छन् । फ्रेन्चाइजको आम्दानीको मुख्य स्रोत भने स्पोन्सर र जर्सी व्यापार रहेको छ ।

खाद्यको डिपोमा धान बेच्न किसानको भिड

धनगढी । सरकारी संस्थान खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडले न्यूनतम समर्थन मूल्यमा धान खरिद गर्न थालेपछि खाद्यका खरिद डिपोमा धान बिक्री गर्न किसानको भिड लाग्न थालेको छ । टीकापुर, धनगढीको मोहनपुरलगायत डिपोमा अत्यधिक भिड भएपछि किसानलाई धान बिक्री गर्न सास्ती खेप्नुपरेको छ । कतिपय किसानले धान बिक्रीको पालो पाउन कम्पनीमा चार-पाँच दिन कुर्नुपर्ने अवस्था देखिएको छ।

धनगढी डिपोपरिसर धान बोकेका गोरूगाडा र ट्याक्टरले भरिएपछि डिपोको गेटबाहिरै धान राखेर किसान पालो पर्खिरहेका छन् । बुधबार दिउँसो डिपोको गेटबाहिर धान बोकेका डेढ दर्जन गोरूगाडाको लाइन थियो । गोदावरी नगरपालिका- ८, श्रीपुरका किसान मंगटराम चौधरी ३२ बोरा धान लिएर बुधबार बिहान साढे पाँच बजे नै खाद्यको मोहनपुर डिपोमा पुगेका थिए । दिउँसोसम्म उनले धान डिपोभित्र लैजान पाएनन् ।

खाद्यमा राम्रो भाउ पाउने आसले आए पनि बिक्री गर्न निकै सास्ती खेप्नपर्ने अवस्था रहेको किसानको गुनासो छ । सरकारले ढिलो खरिद सुरू गर्दा यस वर्ष पनि यो सास्ती दोहोरिएको उनीहरुको भनाइ छ । 'सरकारले असोजबाटै खरिद सुरू गरिदिएको भए धान बेच्न यति सास्ती हुने थिएन,' मोहनपुर डिपोमै भेटिएका गोदावरी-५, गेटाका किसान मोहन रानाले भने, 'राम्रो भाउ पाइएला भनेर व्यापारीलाई धान बेचिनँ । यहाँ पालो पाउन चार-पाँच दिन कुर्नुपर्ने भयो ।' करिब तीन बिघा जमिनमा धान रोपेको र करिब ३० क्विन्टल धान बिक्रीका लागि ल्याएको उनले बताए । खाद्यको टीकापुरलगायत खरिद केन्द्रमा पनि झन् बढी भिड छ । टीकापुर खरिद केन्द्रअगाडि गोरूगाडा र ट्याक्टरमा धान लिएर आएका किसानको तीन-चार किलोमिटरसम्म लाइन रहेको खाद्यको प्रादेशिक कार्यालय धनगढीका प्रमुख दीपक थापाले बताए । किसानको अत्यधिक भिड भएपछि कर्मचारीलाई व्यवस्थापनमा हम्मेहम्मे परेको छ भने किसानलाई धान बिक्रीको पालो पाउन सास्ती भएको छ ।

खाद्यले सरकारले तोकेको न्यूनतम समर्थन मूल्यअनुसार मोटा धान प्रतिक्विन्टल तीन हजार ६६० रूपैयाँमा धान खरिद सुरू गरेको हो । गल्ला व्यापारीले भने मोटा धान प्रतिक्विन्टल दुई हजार आठ सय रूपैयाँसम्ममा खरिद गरिरहेका छन् । खाद्यमा राम्रो मूल्य पाउन थालेपछि किसानको भिड लागेको हो ।खाद्यले धनगढीको मोहनपुर, गौरीगंगा नगरपालिकाको मसुरिया र टीकापुर नगरपालिकाको टीकापुर खरिद केन्द्रबाट सोमबारदेखि खरिद सुरू गरेको हो । थप तीन ठाउँ जोशीपुर, भजनी र सत्तीमा बुधबारदेखि खरिद सुरू गरिएको थापाले जानकारी दिए ।

खेलकुद

धोनीले लिए आइपिएलबाट सन्न्यास

भारतीय क्रिकेटका पूर्वकप्तान महेन्द्रसिंह धोनीले इन्डियन प्रिमियर लिग (आइपिएल)बाट पनि सन्न्यास लिएका छन् । चेन्नई सुपर किंग्सका पूर्वकप्तानसमेत रहेका धोनीले खेलाडीका रूपमा आइपिएल यात्रा समाप्त भएको घोषणा गरेका छन् । चेन्नईले मंगलबारै उनलाई नयाँ भूमिका दिँदै मेन्टरमा नियुक्त गरेको छ । चेन्नईले सन् २०२७ को आइपिएलदेखि लागू हुने गरी टिम मेन्टरको जिम्मेवारी दिएको टाइम्स अफ इन्डियाले जनाएको छ । यसैबिच, चेन्नईले आफ्ना पूर्वकप्तान धोनीको नयाँ यात्राको स्वागत गरेको छ ।

अब धोनीले चेन्नईमा आबद्ध हुने नयाँ पुस्ताका खेलाडीलाई आफ्नो अनुभव बाँड्नेछन् । ४५ वर्षीय धोनी पछिल्लो समय फिट थिएनन् । गत सिजन उनले पिँडुलाको चोटका एक खेल पनि खेलेनन् । आइपिएल इतिहासमा धोनी सर्वाधिक सफल कप्तान मानिन्छन् । सन् २००८ को पहिलो संस्करणदेखि उनी टोलीमा आबद्ध छन् ।

भारतीय खेलाडीका रूपमा धोनी सबैभन्दा राम्रा खेलाडी गनिन्थे । उनले आफ्नो कप्तानीमा चेन्नईलाई पाँचपटक आइपिएल उपाधि दिलाए । उनको नेतृत्वमा चेन्नईले सन् २०१०, २०११, २०१८, २०२१ र २०२३ मा उपाधि हात पारेको थियो । १५ अगस्ट २०२० मा धोनीले सबैखाले अन्तर्राष्ट्रिय क्रिकेटबाट सन्न्यास लिएका थिए । त्यसपछि उनी घरेलु क्रिकेटमा सक्रिय भए । आइपिएलमा उनलाई शान्त स्वभाव र परिस्थितिअनुसार तत्काल निर्णय गर्ने क्षमता भएका खेलाडी र कप्तानका रूपमा हेरिन्थ्यो । समर्थकले उनलाई 'थाला' उपनाम दिएका छन् ।

यसैबिच चेन्नईका मालिक एन श्रीनिवासनले धोनीको सन्न्यासँगै आइपिएलमा एक युगको समाप्त भएको जनाएका छन् । उनले धोनी र चेन्नईको सम्बन्ध कहिल्यै नटुट्ने बताए । 'दुई दशकदेखि महेन्द्रसिंह धोनीको कप्तानीमा सफलता, असफलता र अनेक उतारचढावमा हेर्यौं,' श्रीनिवासनले भनेका छन्, 'अब धोनीलाई मिस गर्नेछौं । आइपिएलमा एउटा युग समाप्त भएको महसुस गरेको छु ।'

श्रीनिवासनले धोनीलाई पहिलो संस्करणमा आबद्ध हुन धेरै प्रयास गरेका थिए । अन्तिम समयमा धोनीले चेन्नई रोजेको श्रीनिवासनको भनाइ छ । 'सन् २००८ मा धोनीलाई चेन्नईको टोलीमा आबद्ध हुन जोड गरेको थिएँ, मेरो निर्णय गलत भएन,' श्रीनिवासनले भने, 'धोनी कस्ता हुन् भन्ने सबैलाई थाहा छ ।'

धोनीले एकपटक राइजिङ पुणेबाट पनि प्रतिस्पर्धा गरेका छन् । सन् २०१६ र ०१७ को संस्करणमा चेन्नई प्रतिबन्धमा परेको थियो । फिक्सिङ काण्डमा चेन्नई मुछिएपछि भारतीय क्रिकेट बोर्डले प्रतिबन्ध लगाएको थियो । बिसिसिआईले चेन्नईलाई मात्र प्रतिबन्ध गरेको थियो । खेलाडीलाई अन्य टोलीमा आबद्ध हुन छुट थियो । धोनीले आइपिएल करिअरमा २७८ खेल खेलेका छन् । उनले पाँच हजार ३१४ रन बनाएका छन् । उनकै कप्तानीमा चेन्नईले दुईपटक च्याम्पियन्स लिग टी-२० पनि जितेको थियो । धोनीले २० मे २०२५ मा अन्तिमपटक राजस्थान रोयल्सविरूद्ध प्रतिस्पर्धा गरे । यस खेलमा उनले १६ रन बनाएका थिए । धोनीको नेतृत्वमा चेन्नई लगातार दुईपटक आइपिएल उपाधि जित्ने पहिलो टोली बनेको थियो । यसैगरी एकै सिजन आइपिएल र च्याम्पियन्स लिग जित्ने रेकर्ड चेन्नईकै नाममा छ ।

लुम्बिनी लगातार दोस्रोपटक फाइनलमा

काठमाडौं- साबिक विजेता लुम्बिनी लायन्स लगातार दोस्रोपटक नेपाल प्रिमियर लिग (एनपिएल)को फाइनलमा प्रवेश गरेको छ । मंगलबार त्रिवि क्रिकेट मैदानमा दुईपटकको फाइनलिस्ट सुदूरपश्चिम रोयल्सलाई पहिलो क्वालिफायरमा ६ विकेटले हराउँदै लुम्बिनी उपाधिनजिक पुगेको हो । सुदूरपश्चिम कमजोर ब्याटिङका कारण लगातार चार खेलमा लुम्बिनीसँग पराजित भयो ।

पहिले ब्याटिङ गरेको सुदूरपश्चिमले २० ओभरमा आठ विकेट गुमाएर १०५ रनको योगफल खडा गरेको थियो । सुदूरपश्चिमको ब्याटिङमा कठिन देखिएको पिचमै लुम्बिनीले १६.४ ओभरमा चार विकेटको क्षतिमा १०८ रन जोड्दै सानदार जित निकाल्यो । लुम्बिनीले उपाधि रक्षा गर्न इलिमिनेटरमा विजयी टोली र क्वालिफायरमा पराजित सुदूरपश्चिमबिच हुने प्रतिस्पर्धाको विजेताविरूद्ध आगामी शनिबार प्रतिस्पर्धा गर्नेछ ।

लुम्बिनीको जितमा श्रीलंकाली खेलाडी निरोसन डिकवेलाले ब्याटिङ र फिल्डिङमा उत्कृष्ट प्रदर्शन गरे । उनले टोलीको जितमा अर्धशतकीय योगदान दिएका थिए । उनले लक्ष्य पछ्याउँदा ३७ बलमा ५९ रन र विकेटकिपिङका क्रममा दुई क्याच लिए । ब्याटिङ गर्दा डिकवेलाले सात चौका र दुई छक्का प्रहार गरेका थिए । उनी खेलका म्यान अफ दी म्याच भए । चालू एनपिएलमा डिकवेला लुम्बिनीका लागि एकै खेलमा धेरै व्यक्तिगत रन बनाउने ब्याट्सम्यानसमेत बनेका छन् । उनले कप्तान रोहित पौडेलको रेकर्ड तोडेका हुन् । कप्तान रोहितले ४७ रन जोडेका थिए । उनले समग्रमा १५० रन जोडे । डार्सी सटको नाममा १४८ रन रहेथ्यो । लुम्बिनीको जितमा अर्धशतकीय इनिङ्स खेलेका डिकवेलाले एक जीवनदान पाएका थिए । डार्सी आउट भएपछि उनी दोस्रो क्रममा ब्याटिङ गर्न क्रिजमा पुगेका थिए । इनिङ्सको २.२ ओभरमा अभिनाश बोहराले डिकवेलाको सहज क्याच मिस गरेका थिए । त्यसवेला डिकवेला शून्य रनमा थिए । डिकवेलाको क्याच मिस हुनु नै सुदूरपश्चिमलाई महँगो भयो । जीवनदान पाएका श्रीलंकाली खेलाडीले त्यसपछि खुलेर ब्याटिङ गरे । विपक्षी बलरले उनलाई आकर्षक स्ट्रोक लगाउन रोक्न सकेनन् ।

लुम्बिनीले सहज लक्ष्य पछ्याउँदा कमजोर सुरूवात गरेको थियो । इनिङ्सको तेस्रो बलमै सुदूरपश्चिमका स्कट कुगेलेजिनले ओपनर डार्सी सटलाई बोल्ड गरेका थिए । त्यसपछि ३.२ ओभरमा आसिफ शेखलाई हेमन्त धामीले दीपेन्द्रसिंहबाट क्याच आउट गराए । खेलमा फर्किसकेको सुदूरपश्चिमविरूद्ध डिकवेला र कप्तान रोहितले तेस्रो विकेटका लागि महत्वपूर्ण ३८ रनको साझेदारी गर्दै टोलीलाई ९.३ ओभरमा ६२-३ को स्थितिमा राखे । रोहितले २८ बलमा एक चौकाको सहयोगमा २१ रन जोडे ।

डिकवेलाले दिलीप नाथसँग पाँचौं विकेटका लागि १९ बलमा २३ रन जोड्दै लुम्बिनीको फाइनल यात्रा पक्का पारे । दिलीपले १२ बलमा एक छक्काको सहयोगमा १० रन बनाए । सुदूरपश्चिमका लागि थरिन्दु रत्नायकेले सर्वाधिक दुई विकेट हात पारे । स्कट र हेमन्तले समान एक विकेट लिए ।

कर्पोरेट

● रेमिट्यान्स कम्पनीमध्ये सर्वाधिक कर तिर्ने कम्पनीका रूपमा आइएमई सम्मानित

काठमाडौं । रेमिट्यान्स तथा मनी ट्रान्सफर कम्पनीमध्ये आइएमई लिमिटेड सर्वाधिक कर तिर्ने कम्पनीका रूपमा सम्मानित भएको छ। राष्ट्रिय कर दिवस २०८३ का अवसरमा मंगलबार काठमाडौंमा आयोजित कार्यक्रममा अर्थमन्त्री स्वर्णिम वाग्लेले कम्पनीका अध्यक्ष हेमराज ढकाललाई सम्मान प्रदान गरेका हुन्। सम्मान ग्रहणपछि अध्यक्ष ढकालले उल्लेखनीय कर योगदानमार्फत राष्ट्रिय विकासमा सहभागी हुन पाउनु कम्पनीका लागि गौरवको विषय भएको बताए। उनले रेमिट्यान्स सेवालाई थप सरल, सहज र सुरक्षित बनाउँदै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बजारमा आइएमईको उपस्थिति विस्तार गर्ने प्रतिबद्धता व्यक्त गरे।

विभिन्न देशमा सयभन्दा बढी व्यावसायिक साझेदारको सञ्जाल रहेको आइएमईले रेमिट् यान्स कारोबारसँगै उद्यमशीलताको वातावरण निर्माणमा समेत योगदान पुर्याउँदै आएको अध्यक्ष ढकालले बताए। उन्नत प्रविधि, सेवा विस्तार र व्यावसायिक साझेदारीमार्फत कम्पनीले विकास गरेको उद्यमशीलताको सञ्जाललाई थप सुदृढ बनाउँदै लैजाने उनको भनाइ थियो। सन् २००१ मा स्थापना भएको आइएमईले नेपालको अर्थतन्त्रमा वैदेशिक मुद्रा भित्र्याउने प्रमुख माध्यमका रूपमा रहेको रेमिट्यान्स सेवालाई संस्थागत र व्यवस्थित बनाउन महत्त्वपूर्ण भूमिका निर्वाह गर्दै आएको छ। कम्पनीले यसअघि पनि विभिन्न अवसरमा सर्वाधिक कर तिर्ने कम्पनीका रूपमा सम्मान प्राप्त गरिसकेको जनाएको छ।

● नवौंपटक बैंकिङ क्षेत्रकै सर्वाधिक आयकरदाता बन्यो नबिल बैंक

काठमाडौं । नबिल बैंक लिमिटेड बैंकिङ क्षेत्रबाट सर्वाधिक आयकर बुझाउने बैंकका रूपमा नेपाल सरकारबाट सम्मानित भएको छ। आर्थिक वर्ष ०८१/८२ मा सर्वाधिक आयकर तिरेबापत बैंकले नवौंपटक यस्तो सम्मान प्राप्त गरेको हो।

राष्ट्रिय कर दिवसका अवसरमा मंगलबार आन्तरिक राजस्व विभागद्वारा आयोजित कार्यक्रममा अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले बैंकलाई सम्मानपत्र प्रदान गरेका हुन्। बैंकका तर्फबाट सञ्चालक समितिका अध्यक्ष निर्वाणकुमार चौधरीले सम्मान ग्रहण गरेका थिए। बैंकले आर्थिक वर्ष ०८१/८२ मा करिब तीन अर्ब रूपैयाँ आयकर नेपाल सरकारलाई बुझाएको थियो। त्यस्तै, आर्थिक वर्ष ०८२/८३ मा बैंकले तीन अर्ब ६० करोड रूपैयाँ आयकर तिरेको जनाएको छ।

सम्मान ग्रहणपछि अध्यक्ष चौधरीले यो उपलब्धि समग्र नबिल परिवारका लागि गर्वको विषय भएको बताए। उनले सम्मानले कर्मचारीहरूको योगदान र ग्राहकहरूले बैंकप्रति देखाएको विश्वासलाई प्रतिबिम्बित गर्ने उल्लेख गरे। उनका अनुसार बैंकले करदाताका रूपमा आफ्नो जिम्मेवारीलाई गम्भीरतापूर्वक लिँदै उत्कृष्ट ग्राहक सेवा, जिम्मेवार व्यावसायिक अभ्यास र नेपालको आर्थिक विकासमा योगदान पुर्याउने प्रतिबद्धता कायम राखेको छ। बैंकले व्यावसायिक सफलतासँगै राष्ट्रको आर्थिक तथा सामाजिक विकासमा योगदान पुर्याउनुलाई आफ्नो दायित्वका रूपमा लिँदै आएको जनाएको छ। पारदर्शी व्यावसायिक अभ्यास, जिम्मेवार बैंकिङ र ग्राहकको विश्वासलाई बैंकले दीर्घकालीन प्रगतिको आधार मान्दै आएको छ।

चार दशकभन्दा लामो बैंकिङ यात्रा पूरा गरेको नबिल बैंकले नवीन सेवा तथा प्रविधिको प्रयोगमार्फत बैंकिङ सेवालाई सहज, आधुनिक र पहुँचयोग्य बनाउँदै आएको छ। दिगो बैंकिङलाई प्राथमिकता दिँदै बैंकले डिजिटल बैंकिङ सेवा विस्तारका लागि एनबैंकसमेत सञ्चालनमा ल्याएको छ।

हाल बैंकले देशभरका २६१ शाखा, १७ विस्तारित काउन्टर र ३१८ एटिएममार्फत करिब ३० लाख ग्राहकलाई सेवा प्रदान गर्दै आएको छ। ग्राहक, कर्मचारी तथा अन्य सरोकारवालासँगको सहकार्यमा आर्थिक अवसर विस्तार गर्दै मुलुकको समृद्धिमा योगदान पुर्याउने प्रतिबद्धता बैंकले व्यक्त गरेको छ।

नेपाल सरकारले प्रत्येक वर्ष राष्ट्रिय कर दिवसका अवसरमा विभिन्न क्षेत्रबाट सर्वाधिक राजस्व योगदान गर्ने करदाता तथा संस्थाहरूलाई सम्मान गर्दै आएको छ।

● आइएमई ग्रुपको ग्रुप भाइस प्रेसिडेन्टमा खड्का नियुक्त

काठमाडौं । आइएमई ग्रुपले जगदीश खड्कालाई ग्रुप भाइस प्रेसिडेन्ट पदमा नियुक्त गरेको छ। खड् काले समूहअन्तर्गतका विभिन्न व्यवसायबिच रणनीतिक सहकार्यलाई नेतृत्व गर्ने जिम्मेवारी पाएका छन्।

नवनियुक्त ग्रुप भाइस प्रेसिडेन्ट खड्काको मुख्य जिम्मेवारी समूहका कम्पनीहरूबिच रहेको विशेषज्ञता, प्रविधि, बजार पहुँच र वितरण सञ्जाललाई एकीकृत गरी प्रत्येक व्यवसायलाई थप प्रतिस्पर्धी बनाउनुका साथै समग्र समूहको दीर्घकालीन ब्रान्ड मूल्य अभिवृद्धि गर्नु हुनेछ। उनले नयाँ सेवा तथा साझेदारी विकास, ग्राहक अनुभव सुधार र नेपालको डिजिटल अर्थतन्त्रमा आइएमई ग्रुपको योगदान विस्तारलाई प्राथमिकतामा राखेर काम गर्नेछन्।

चार्टर्ड एकाउन्टेन्टसमेत रहेका खड्कासँग १५ वर्षभन्दा बढीको व्यावसायिक अनुभव छ। उनी यसअघि इसेवाको प्रमुख कार्यकारी अधिकृत (सिइओ) का रूपमा कार्यरत थिए। साथै, विभिन्न डिजिटल वित्तीय सेवा व्यवसायको नेतृत्व तथा व्यवस्थापनमा समेत उनले अनुभव हासिल गरेका छन्।

आइएमई ग्रुपका प्रबन्ध निर्देशक हेमराज ढकालले नवनियुक्त ग्रुप भाइस प्रेसिडेन्ट खड्कालाई स्वागत गर्दै उनको नेतृत्वले समूहअन्तर्गतका कम्पनीहरूलाई थप सबल बनाउन महत्त्वपूर्ण योगदान पुर्याउने विश्वास व्यक्त गरे। उनले डिजिटल रूपान्तरणलाई विस्तार र सुदृढ गर्दै नयाँ व्यावसायिक अवसर सिर्जना गर्न खड्काको अनुभव उपयोगी हुने बताए।

नवनियुक्त ग्रुप भाइस प्रेसिडेन्ट खड्काले आइएमई ग्रुपका प्राथमिकता र सरोकारवालाहरूसँगको सहकार्यमा परिणाममुखी काम गर्न आफू केन्द्रित रहने बताएका छन्।

नेपालको अग्रणी व्यावसायिक समूहका रूपमा रहेको आइएमई ग्रुपले रेमिट्यान्स, बैंकिङ तथा बिमा, डिजिटल वित्तीय सेवा, पर्यटन तथा आतिथ्य, केबलकार, ऊर्जा, पूर्वाधार, सूचना प्रविधि, खेलकुद, उत्पादन तथा व्यापारलगायतका विविध क्षेत्रमा लगानी र व्यवसाय विस्तार गर्दै आएको छ।

● मुक्तिनाथ विकास बैंकले ल्यायो घरमै बसी कर्जा आवेदन अवस्था हेर्न सकिने सेवा

काठमाडौं/ मुक्तिनाथ विकास बैंक लिमिटेडले 'लोन एप्लिकेसन ट्र्याकिङ' सेवा सञ्चालनमा ल्याएको छ । यस सेवामार्फत ग्राहकले बैंकमा पेस गरेको कर्जा आवेदनहरूको अवस्था तथा प्रगतिसम्बन्धी जानकारी डिजिटल माध्यमबाट सहजै प्राप्त गर्न सक्नेछन् । ग्राहक सेवा तथा डिजिटल बैंकिङलाई प्राथमिकतामा राख्दै आफ्ना सेवा, प्रक्रिया र ग्राहक अनुभवलाई अझ सरल, प्रभावकारी तथा ग्राहककेन्द्रित बनाउने क्रममा यो सेवा सार्वजनिक गरिएको बैंकले जनाएको छ।

यस सेवाको माध्यमबाट ग्राहकले आफ्नो कर्जा आवेदन हाल कुन चरणमा छ, कर्जा मूल्यांकन तथा स्वीकृति प्रक्रियाको अवस्था के छ र आवेदनसँग सम्बन्धित पछिल्ला अपडेटहरु के-के छन् भन्ने जानकारी जुनसुकै समय र स्थानबाट प्राप्त गर्न सक्नेछन्। यसका लागि ग्राहकले बैंकको आधिकारिक वेबसाइटमा गई आफ्नो मोबाइल नम्बर तथा 'लोन एप्लिकेसन ट्र्याकिङ आइडी' प्रयोग गर्नुपर्नेछ।

कर्जा आवेदन स्वीकृत भएको अवस्थामा सम्बन्धित ग्राहकलाई सोसम्बन्धी जानकारी एसएमएस नोटिफिकेसनमार्फत समेत तत्काल उपलब्ध गराइने व्यवस्था गरिएको बैंकले जनाएको छ।

● 'सिटिजन्स सुपर ५० ' म्युचुअल फन्डको इकाइ निष्कासन खुला

बन्दमुखी सामूहिक लगानी कोष योजना 'सिटिजन्स सुपर ५०'को इकाइ निष्कासन तथा बिक्री बुधबारदेखि खुला भएको छ। सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेड कोष प्रवर्द्धक तथा सिटिजन्स क्यापिटल लिमिटेड व्यवस्थापक रहेको योजनाको अवधि १० वर्ष छ। योजनाको प्रारम्भिक आकार १ अर्ब रूपैयाँ छ भने मागअनुसार अधिकतम १ अर्ब २५ करोड रूपैयाँसम्म कायम गर्न सकिने कम्पनीले जनाएको छ।

योजनाको इकाइ निष्कासन छिटोमा मंसिर ७ र ढिलोमा मंसिर १६ गतेसम्म खुला रहनेछ। योजनाको कायम आकारको १५ प्रतिशत बिज पुँजीका रूपमा योजनाको कोष प्रवर्द्धक सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको लगानी रहेको छ।

यस योजनामा सर्वसाधारण तथा संस्थागत लगानीकर्ताहरूले इकाइ खरिदका लागि आवेदन दिन सक्नेछन्। इच्छुक लगानीकर्ताहरूले मेरो सेयर तथा आस्बा सदस्य बैंक तथा वित्तीय संस्थाहरूमार्फत आवेदन दिन सक्ने व्यवस्था गरिएको छ। इकाइ बाँडफाँडपश्चात् यस योजना नेपाल स्टक एक्सचेन्जमा सूचीकृत भई दोस्रो बजारमार्फत कारोबार गर्न सकिनेछ।

● नेपाल बैंकका तीन डिजिटल सेवा सुरु

काठमाडौं/ नेपाल बैंक लिमिटेडले तीनवटा डिजिटल सेवाको सुरूवात गरेको छ । बैंकले ९० औं वार्षिकोत्सवका अवसरमा फोन लोन, बाई नाउ, पे लेटर क्रेडिट कार्ड र अनलाइन लोन एप्लिकेसन पोर्टल सञ्चालनमा ल्याएको हो । सोमबार आयोजित वार्षिकोत्सव कार्यक्रममा अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले यी सेवाको सुरूवात गरेका छन् । अर्थमन्त्री वाग्लेले उत्पादन तथा उद्यमशीलता प्रवर्द्धन गर्न कृषि, जलविद्युत्, पर्यटन, सूचना प्रविधि, निर्यातमूलक उद्योग तथा साना र मझौला उद्योगमा कर्जा लगानी विस्तार गर्न बैंकलाई आग्रह गरे ।

● बाढी प्रभावितका लागि राहत कोषमा १८ अर्ब ४७ करोडभन्दा बढी मौज्दात

काठमाडौं । रसुवाको भोटेकोशी नदीमा आएको बाढीबाट प्रभावित नागरिकको सहयोगका लागि आर्थिक सहायता जुट्ने क्रम जारी रहेको छ ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका अनुसार सरकारले सञ्चालनमा ल्याएका प्रधानमन्त्री दैवीप्रकोप उद्धार कोष र प्रधानमन्त्री राहत कोषमा विभिन्न क्षेत्रबाट आर्थिक सहयोग प्राप्त भइरहेको छ ।

कार्यालयका अनुसार आज बिहान ९ बजेसम्म दुवै कोषका विभिन्न खातामा गरी कुल १८ अर्ब ४७ करोड आठ लाख ७२ हजार ३९५ रूपैयाँ मौज्दात रहेको छ । प्रधानमन्त्री दैवीप्रकोप उद्धार कोषअन्तर्गत नौवटा वाणिज्य बैंकमा रहेको खातामा १३ अर्ब ७३ करोड ६ लाख ७७ हजार ४३० रूपैयाँ मौज्दात रहेको छ ।

● काठमाडौं-दानाङ चार्टर उडान सञ्चालन गर्दै रुप्से होलिडेज

काठमाडौं/ नेपाल र भियतनामबिच पर्यटन प्रवर्द्धन गरिने भएको छ । रूप्से होलिडेजले ९ र १३ डिसेम्बरमा काठमाडौं-दानाङ चार्टर उडान गरी पर्यटन प्रवर्द्धन गर्न लागिएको जनाइएको छ । नेपाली पर्यटकलाई भियतनामको दानाङ लैजाने तथा भियतनामी पर्यटकलाई नेपाल ल्याउने गरी उडान र भ्रमणको व्यवस्था मिलाइएको रूप्से होलिडेजले जानकारी दिएको हो । यस पहलले दुवै देशका यात्रुलाई ट्रान्जिटको झन्झटविनै सिधा यात्रा गर्ने अवसर प्रदान गर्ने अपेक्षा गरिएको छ । नेपाली पर्यटकले दानाङका समुद्री तट, बाना हिल्सको प्रसिद्ध गोल्डेन ब्रिज तथा ऐतिहासिक होई आनलगायतका स्थलको अनुभव गर्न सक्नेछन् । भियतनामी पर्यटकलाई नेपालका प्राकृतिक सौन्दर्य, सांस्कृति सम्पदा र आतिथ्यसँग परिचित गराउने लक्ष्य राखिएको छ । रूप्से होलिडेजका प्रमुख कार्यकारी अधिकृत तथा संस्थापक रमेश पराजुलीले नेपाली पर्यटकलाई भियतनाम घुमाउनु र भियतनामी पर्यटकलाई नेपाल भित्र्याउने उद्देश्य रहेको बताए । '९ र १३ डिसेम्बरमा हुने चार्टर उडानले दुई देशबिच पर्यटक आदान-प्रदान बढाउँदै नेपालको पर्यटन प्रवर्द्धनमा योगदान पुर्याउने विश्वास लिएका छौं,' उनले भने ।

● धनगढीमा खाना उत्सव हुने

धनगढी/ सुदूरपश्चिमका खानाका परिकार, यहाँको संस्कृति र पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यले धनगढीमा खाना उत्सव (फुड फेस्टिबल) हुने भएको छ। धनगढी उपमहानगरपालिकासँगको सहकार्यमा होटेल व्यवसायी संघ कैलालीले उत्सव आयोजना गर्न लागेको हो। खाना उत्सव आगामी १० देखि १२ पुससम्म सञ्चालन हुनेछ। महोत्सवमा सुदूरपश्चिमका मौलिकलगायत विभिन्न खानाका परिकारहरु प्रदर्शनमा राखिनेछन्। धनगढी उपमहानगरपालिकाले बुधबार पत्रकार सम्मेलन गरेर खाना उत्सवबारे जानकारी गराएको हो। उपमहानगर र संघबिच उत्सव सञ्चालनबारे औपचारिक सम्झौता पनि भएको छ। सम्झौताअनुसार खाना उत्सव सञ्चालन गर्न उपमहानगरपालिकाले होटेल व्यवसायी संघ कैलालीलाई १० लाख रूपैयाँ आर्थिक सहयोग गर्नेछ।

खाना उत्सवका संयोजक केशव न्यौपानेले सुदूरपश्चिमको मौलिक खानपानको संरक्षण, स्थानीय उत्पादनको प्रवर्द्धन, संस्कृति तथा पर्यटन विकास र आर्थिक समृद्धिमा योगदान पुर्याउनु महोत्सवको मुख्य उद्देश्य रहेको बताएका छन्। यसले यहाँको होटेल व्यवसायलाई थप चलायमान बनाउन मद्दत पुग्ने अपेक्षा गरिएको संघले जनाएको छ।

होटेल व्यवसायी संघ कैलालीका अध्यक्ष केशवराज पाण्डेले यहाँ पहिलोपटक खाना उत्सव आयोजना गर्न लागिएको बताए। आगामी दिनमा वार्षिक क्यालेन्डर बनाएर हरेक वर्ष यसलाई निरन्तरता दिइने उनले बताए। स्थानीय खानाका परिकारको प्रवर्द्धनमा पनि खाना उत्सवले सहयोग पुग्ने उनको भनाइ छ।

● सिटिजन्स म्युचुअल फन्ड-२ को वार्षिक लाभांश १०.४० प्रतिशत

काठमाडौं/ सामूहिक लगानी कोष सिटिजन्स म्युचुअल फन्ड-२ परिपक्व भएको छ । सिटिजन्स बैंक इन्टरनेसनल कोष प्रवर्द्धक तथा सिटिजन्स क्यापिटल योजना व्यवस्थापक रहेको बन्दमुखी यस योजनाले इकाइधनीलाई वार्षिक औसत १०.४० प्रतिशत प्रतिफल प्रदान गरिएको जनाएको हो । योजनाको खारेजी प्रक्रिया सम्पन्न भएसँगै इकाइधनीलाई फिर्ता गर्नुपर्ने रकम वितरण गर्ने काम सुरू भइसकेको बताइएको छ । ५६ करोड कोष आकार रहेको उक्त योजना २२ असार ०७६ देखि सञ्चालनमा आएको थियो ।

यसअघि परिपक्व भएको सिटिजन्स म्युचुअल फन्ड-१ ले पनि औसत वार्षिक १२ प्रतिशत प्रतिफल प्रदान गरेको थियो ।

कम्पनीले नयाँ बन्दमुखी सामूहिक लगानी कोष योजना सिटिजन्स सुपर-५० योजना सञ्चालनमा ल्याउँदै छ । यस योजनाको इकाइ निष्कासन आजैदेखि हुँदै छ । १० वर्ष अवधि रहेको यस योजनाको प्रारम्भिक आकार एक अर्ब रहेको छ ।

● सार्क चेम्बरको पर्यटन समिति संयोजकमा चन्द्र ढकाल चयन

काठमाडौं/ सार्क चेम्बर अफ कमर्स एन्ड इन्डस्ट्री (सार्क सिसिआई)को पर्यटन समितिको संयोजकमा चन्द्रप्रसाद ढकाल चयन भएका छन् । माल्दिभ्समा सम्पन्न सार्क चेम्बरको ८८औं कार्यकारी समितिको बैठकले उनलाई सो जिम्मेवारी प्रदान गरेको हो ।

संयोजक ढकालले दक्षिण एसियाको भौगोलिक बनावट र सांस्कृतिक विविधता विश्वमै अद्वितीय रहेकाले यस क्षेत्रलाई विश्वकै उत्कृष्ट पर्यटकीय गन्तव्यका रूपमा विकास गर्न सकिने बताए ।

विश्वको करिब एकचौथाइ जनसंख्या बसोवास गर्ने दक्षिण एसिया आफैंमा एक विशाल आन्तरिक पर्यटन बजार रहेको उल्लेख गर्दै उनले यो सम्भावनालाई यथार्थमा बदल्न समग्र सार्क क्षेत्रमै पर्यटन पूर्वाधारको स्तरोन्नति र लगानी विस्तार अपरिहार्य रहेको उनले बताए ।

● दूरसञ्चार सेवा दस्तुरको विवरण १० कार्यदिनभित्र बुझाउन प्राधिकरणको निर्देशन

काठमाडौं । नेपाल दूरसञ्चार प्राधिकरणले इन्टरनेट तथा इमेल सेवाप्रदायकहरूलाई दूरसञ्चार सेवा दस्तुरसम्बन्धी विवरण आवश्यक कागजातसहित १० कार्यदिनभित्र पेस गर्न निर्देशन दिएको छ।

प्राधिकरणले ०८३ मंसिर २ गते पहिलोपटक सूचना प्रकाशित गर्दै आर्थिक वर्ष ०८२/८३ तथा चालू आर्थिक वर्ष ०८३/८४ को असोज महिनासम्म नेपाल सरकारको राजस्व खातामा दाखिला गरिएको दूरसञ्चार सेवा दस्तुरको विवरण माग गरेको हो।

आर्थिक ऐन, २०८३ को दफा ८ को उपदफा ५ मा दूरसञ्चार सेवा दस्तुरको प्रशासन नेपाल दूरसञ्चार प्राधिकरणले निर्धारण गरेबमोजिम हुने व्यवस्था रहेको उल्लेख गर्दै प्राधिकरणले अनुमतिपत्र प्राप्त गरी सेवा सञ्चालन गरिरहेका सम्बन्धित सेवाप्रदायकलाई विवरण बुझाउन आग्रह गरेको छ।

प्राधिकरणले प्रत्येक महिनाको छुट्टाछुट्टै विवरण तयार गरी पेस गर्नुपर्ने जनाएको छ। विवरणमा इन्टरनेट बिक्री, मर्मतसम्भार, उपकरण बिक्री तथा अन्य आयको विवरण समावेश गर्नुपर्नेछ।

त्यसैगरी, कुल आय, दाखिला गरिएको दूरसञ्चार सेवा दस्तुरको रकम, दाखिला मिति, तोकिएको समयभन्दा ढिलो दस्तुर बुझाएको भए त्यसबापतको ब्याज तथा जम्मा दाखिला भएको रकमसमेत खुलाउनुपर्नेछ। प्राधिकरणको अनुमतिपत्र व्यवस्थापन शाखाले सम्बन्धित सबै इन्टरनेट तथा इमेल सेवाप्रदायकलाई तोकिएको समयभित्र आवश्यक कागजातसहित विवरण पेस गर्न सूचित गरेको हो।

विवरण नेपाल दूरसञ्चार प्राधिकरण, अनुमतिपत्र व्यवस्थापन शाखा, जमल, काठमाडौंमा पेस गर्न सकिनेछ।

बालेन...

साहसँग गरेमा साहले के जवाफ देलान् त्यो नै अहिले चासोको विषय बनेको छ ।

प्रधानमन्त्रीको भारत भ्रमणमा भारतीय आकाश हुँदै महेन्द्रनगर र भैरहावाबाट थप हवाई प्रवेशमार्ग नेपाललाई उपलब्ध गराउने नेपालको लामो समयदेखिको मागलाई के भारतले स्वीकार गर्ला ? पछिल्लो समयमा नेपाल र भारतबीचमा बाहिर देखिने गरी कुनै ठुला समस्या र विवाद नभएपनि भू राजनीतिक अवस्थाले गर्दा केही विवाद उत्पन्न भएका छन् भने त्यस्ता विषयहरु कसरी समाधान होलान् भन्ने प्रश्न समेत उब्जिएको छ ।

यसअघि पनि नेपाली प्रधानमन्त्रीहरुको भारत भ्रमणको तुलनामा प्रधानमन्त्री साहको भ्रमण छोटो हुने निश्चित भएको छ । यसअघि तत्कालिन प्रधानमन्त्री केपी ओलीले सन् २०१६ र २०१८ मा गरी दुइ पटक भारतको राजकीय भ्रमण गरेका थिए भने त्यसैगरी पुष्पकमल दाहालले सन् २०२६ र शेरबहादुर देउवाले २०१७ मा भारतको भ्रमण गरेका थिए ।

प्रधानमन्त्री साहको भ्रमणमा नेपालले माग गरेनुसार आर्थिक प्याकेज घोषणा गर्ने, भारतको सहयोगमा निर्माण हुने केही नयाँ आयोजनाको शिलान्यास गर्ने र सम्पन्न भएका केही आयोजनाहरुबको उद्घाटन गर्ने अपेक्षा नेपालले गरेको छ । भ्रमणकै क्रममा अयोध्या-जनकपुर सिधा रेलामर्ग, काभ्रेको पनौतीमा निर्माण गरिएको नेपाल प्रहरी एकेडेमीको नयाँ भवनको उद्घाटन, दार्चुलामा पुल र भैरहवास्थित एकीकृत जाँच चौकी (आइसीपी) को उद्घाटन प्रमुख रूपमा समेटिएका छन् । भारतले समेत नेपालबाट केही अपेक्षा गरेको छ । जसमा भारतले रक्सौलमा विमानस्थल निर्माण गरिरहेकाले उसले नेपालको हवाई क्षेत्र प्रयोग गर्न चाहिरहेको छ । त्यस विषयमा प्रधानमन्त्री साहले संसदमा रहेका विपक्षी दलहरुको राय समेत लिएर अघि बढ्नु पर्ने भएपनि उनले विपक्षी दलहरुसँग कुनै सम्वाद सम्म गर्न सकेका छैनन् । भारत भ्रमणमा मात्र नभएर प्रधानमन्त्री साह संयुक्त राष्ट्रसंघको महासभामा जाँदा समेत विपक्षी दलहरुसँग कुनै सम्वाद छलफल नै नगरी गएको हुनाले अहिले पनि त्यस्तै भ्रमणमा जाने पक्कापक्की भएपनि विपक्षी दलहरुसँग सम्वाद गर्न चाहेको जस्तो देखिएको छैन ।

भारतले नेपालको जलविद्युत क्षेत्रमा आफ्नो संलग्नता चाहेको र थप विस्तार गर्न चाहेको छ । जलविद्युत क्षेत्रको विस्तार गर्दा सबै राजनीतिक दलहरु एकै ठाउँमा उभिएर मुलुकको हितको लागि एक हुनुपर्नेमा बालेन सरकार एक्लै अघि बढ्नु खोजेको जस्तो देखिएकोले गर्दा सरकार र राजनीतिक दलहरुबीचमा विवाद उत्पन्न हुन सक्ने सम्भावना समेत देखिन्छ ।

त्यही कारणले गर्दा प्रधानमन्त्री बालेन साहले सबै राजनीतिक दलहरुको सहयोग र समर्थन लिएर भारत भ्रमणमा जानु उपर्युक्त हुनेछ । पार्टीगत स्वार्थका लागि नेपालको हित विपतिरका सम्झौता भए त्यसले बालेन सरकारको मात्र नभएर रास्वपा कै लागि घातक साबित हुन सक्छ भन्ने हेक्का सत्ताधारी दल तथा त्यसका सभापति रवि लामिछानेलाई हुनुपर्ने आवश्यकता देखिन्छ ।

नेपालको हितका लागि प्रधानमन्त्री बालेन साहले भारतीय प्रधानमन्त्रीसँग वार्ता गर्दा महेन्द्रनगर, भैरहवा र जनकपुरबाट फरक फरक उचाईमा हवाई प्रवेश मार्ग उपलब्ध गराउन भारतीय पक्षलाई सहमत गराउन सके र त्यो कार्यान्वयनमा आयो भने नेपालको लागि सो हितकर हुने र प्रधानमन्त्री साहको भारत भ्रमण उपलब्धिमूलक हुन सक्छ ।

सम्झौता गर्ने तर कार्यान्वयनमा ढिलाई गर्ने र कार्यान्वयनमा नै नहुने पहिला गरिएका केही सहमति र सम्झौताहरु अहिले पनि थाती रहेकाले प्रधानमन्त्री साहको भ्रमणमा त्यस विषयमा समेत कुरा उठाउन नेपाली पक्षले खुट्टा कमाउनु हुँदैन र नेपाल र नेपाली जनताको हितका लागि बाहेकका अन्य कुनै सहमति र सम्झौता गरी गोप्य रूपमा गरिए त्यसले नेपाल र नेपाली जनतामा नकारात्मक सन्देश जाने भएकाले त्यस्तो सहमति र सम्झौता गरिनु किमार्थ उचित हुन सक्दैन ।

दिर्घकालिन असर पर्ने सहमति र सम्झौता गर्नुपरेको खण्डमा सबै राजनीतिक दलहरुको समर्थन लिएर नेपालका राजनीतिक दलहरु देश विकासको लागि एक ढिक्का छन् भने सन्देश दिनु नै साहको भारत भ्रमणको सफलता हुन सक्छ ।

पार्टी र..

रास्वापले झण्डै दुई तिहाई मत पाएको थियो भने पुराना भनिएका नेपाली कांग्रेस, नेकपा एमाले, नेपाल कम्युनिष्ट पार्टी र राप्रपा संसदमा झिनो मतसहित संसदमा उपस्थित रहन सफल भए भने श्रम संस्कृत्ति पार्टी पहिलो पटक नै संसदमा उपस्थित हुन सफल रहेपनि मधेशवादी दल सहितका अन्य साना दलहरु संसदमा पुग्न असफल साबित भए । रास्वपाले झण्डै दुई तिहाई मत पाएर सरकार बनाउन सफल रहयो ।

२०८२ चैत्र १३ गते रास्वपाका वरिष्ठ नेता बालेन साहको नेतृत्वमा सरकार गठन भयो । बालेन सरकारले झण्डै ८ महिना सम्ममा पनि रास्वपाले निर्वाचनका बेला जनतालाई दिएको आश्वासनहरु पुरा गर्न सकेका छैन भने सरकार प्रतिशोधको राजनीतिमा र स्वच्छाचारिताको मार्गतर्फ उन्मुख हुँदै गएको छ ।

बालेन सरकार गठन भएको ८ महिना पुग्न लाग्दा सरकारले संसद छलेर अहिलेसम्म १३ वटा अध्यादेश जारी गरिसकेको छ । संसदको कार्यक्षेत्रलाई कार्यपालिकाले आफ्नो हातमा लिँदै आफ्नो स्वार्थअनुसार अघि बढ्दै गर्दा सरकारले संसदको अपहेलना समेत गर्न थालेको छ ।

विधायिकाको कार्यक्षेत्र हस्तक्षेप गरेर कार्यपालिकाले आफूखुसी अध्यादेश जारी गर्नु भनेको मुलुकलाई अधिनायकबादतर्फ धकेल्नु नै हो । संसदमा रास्वपाका झण्डै दुई तिहाई मत रहेको र सरकार पनि रास्वपा नेतृत्वको रहेकाले किन बालेन सरकार संसदसँग डराए अध्यादेशको सहारा लिन पुगे भने विषयले अहिले चर्चा पाएको छ । रास्वपाका सभापति रवि लामिछाने र प्रधानमन्त्री बालेन साहका आ आफ्ना पक्षका सांसद रहेकाले सभापति र प्रधानमन्त्रीबीचमा असन्तुष्टि बढेको हुनाले नै एकले अर्कोलाई विश्वास गर्ने वातावरण नभएपछि अध्यादेश ल्याउन सरकार बाध्य भएको हो कि भन्ने प्रश्न समेत उठेको छ ।

प्रधानमन्त्रीबाटै..

सत्ता चलाउने अभ्यासमा लागेको छ । संसद अधिवेशन नभएको बेला पारेर एकपछि अर्को अध्यादेश ल्याउँदै ऐन निर्माण तथा सशोधन गरिरहेको छ । हालसम्म १३ वटा अध्यादेश जारी भइसकेका छन् भने थप दुई अध्यादेश जारी गर्न राष्ट्रपति समक्ष सिफारिस गरिएको छ ।

संसद नचलेको बेलामा तत्काल केही गर्नुपर्ने अवस्था आएमा मात्र अध्यादेश ल्याउनुपर्नेमा संसदको अधिवेशन नै बन्द गरेर अध्योदश ल्याउनु विधि विधान र संसदको कार्यक्षेत्र, कार्यतापलिकाले आफ्नो हातमा लिँदै जाँदा स्वेच्छाचारिताको उदय हुने खतरा समेत देखिन्छ ।

संसदमा रास्वपाको झण्डै दुई तिहाई मत रहेकोमा विधेयकहरु पारित गर्न सरकारलाई कुनै अवरोध देखिँदैन । तर बालेन सरकारले आफ्नै पार्टीका सांसदहरुलाई समेत विश्वास गर्न नसकेकोले अध्यादेशको बाटो रोजेको र विधायिकी अधिकार समेत आफैंले प्रयोग गर्न थाल्नु स्वच्छाचारितामात्र विधायिकीको कार्यक्षेत्रमा हस्तक्षेप गरेर सार्वभौम संसदको अवहेलनामात्र भइरहेको छ ।

संसद भनेको जनताको समस्या समाधान गर्ने थलो भएपनि सरकारले सांसदहरुलाई समस्याका बारेमा संसदमा आवाज उठाउने कार्यमै अवरोध मात्र गरेको छैन संसदका नेता भनेका प्रधानमन्त्री नै भएपनि उनी आकल झुकल मात्र संसदमा उपस्थित हुने गरेका हुनाले प्रधानमन्त्रीबाटै संसदको अपमान भइरहेको अवस्था देखिन्छ ।

बालेनको...

२०८२ चैत्र १३ गते रास्वपा नेतृत्वको बालेन सरकार निर्माण भएको थियो । बालेन सरकार बनेपछि छिमेकी मुलुक भारतसँग विश्वासको संकट बढ्दै गएको छ । त्यसो विश्वासको संकट सम्बोधन गर्ने प्रधानमन्त्रीको ध्यान गएको देखिँदैन । विश्वासको संकटलाई सम्बोधन गर्दै चिसोपनलाई न्यानोपनमा परिणात गर्न दिशामा सरकारले कुनै ठोस पहल गर्न सकेको देखिएको छैन ।

कतिपय भारतीय सहयोगमा सञ्चालित परियोजनाहरु ठप्प भएका छन भने सञ्चालनमा रहेका परियोजनाहरु समेत सुस्त गतिमा सञ्चालन भइरहेका छन् । जेनजी आन्दोलन पछि भारत र चीन दुवै छिमेकी मुलुकहरुले नेपालको भूराजनीतिक अवस्थालाई गम्भीर रूपमा लिएर चासोको रूपमा हेरिरहेका छन् ।

सरकारले पहिला त्यही संशय मेटाउन अग्रसर हुनुपर्नेमा त्यस्तो अवस्था देखिएको छैन । सबै भन्दा पहिला दुवै छिमेकी मुलुकहरुले गरेका आशंका मेटाउनु र राम्रो र निकट सद्भावपूर्ण सम्बन्ध कायम राख्न सरकार अग्रसर हुनुपर्ने होइन ? तर त्यस वियमा सरकार सक्रिय भएको देखिँदैन ।

सरकारले उत्तरी छिमेकी मुलुक र दक्षिणी छिमेकी मुलुक दुवैलाई सन्तुलनमा राखेर तय हुने पररार्ष्ट्र नीतिमा ध्यान दिनुपर्ने आवश्यकता देखिन्छ । भारतसँग नेपालको सीमा विवाद कायम रहेको छ । त्यो सीमा विवादको समस्या तत्काल समाधान गरिनु आवश्यक रहेको छ । सीमा क्षेत्रमा बसोबास गर्ने नेपाली नागरिकका समस्यालाई तत्काल समाधान गर्ने मुद्दा प्रधानमन्त्री बालेनको भारत भ्रमणका बेला भारतसँग दह्रो रूपमा उठाउनुपर्ने टड्कारो आवश्यकता देखिन्छ ।

विपद् व्यवस्थापनका लागि दुई देश बीचमा आवश्यक संयन्त्र बनाउने बारेमा दुवै देशबीच सहमति हुन सकेमात्र प्रधानमन्त्रीको भारत भ्रमणले सार्थकता पाउन सक्छ । भारत भ्रमणमा प्रधानमन्त्री साहले भारतसँग कुनै खुट्टा नकमाई नेपालले भोग्नु परेका समस्याका बारेमा भारतीय प्रधानमन्त्रीसँग दृढताका साथ कुरा राखेर समस्याको समाधान गर्न सकेमात्र उनको भ्रमणले नेपाललाई केही लाभ हुन सक्छ नत्र भने भ्रमणका लागि भ्रमण मात्र हुन सक्छ ।

महादेवटार सुरुङको 'ब्रेक थ्रु'

मकवानपुर । राष्ट्रपति रामचन्द्र पौडेलले राष्ट्रिय गौरवको काठमाडौं-तराई-मधेश द्रुतमार्ग (फास्ट ट्र्याक) अन्तर्गत मकवानपुरको महादेवटारमा निर्माणाधीन सुरुङको बुधबार 'ब्रेक थ्रु' गरेका छन् ।

तीन हजार ३९९ मिटर लामो उक्त सुरुङको ब्रेक थ्रु समारोहमा राष्ट्रपति पौडेलले द्रुतमार्ग निर्माणले मुलुकको यातायात प्रणालीमा गुणात्मक परिवर्तन ल्याउने विश्वास व्यक्त गरे ।

समारोहलाई सम्बोधन गर्दै राष्ट्रपति पौडेलले नेपाली सेनाले संवैधानिक दायित्व र राष्ट्रिय सुरक्षासम्बन्धी जिम्मेवारीसँगै राष्ट्रनिर्माण तथा विकासका क्षेत्रमा पनि महत्त्वपूर्ण योगदान पुर्याउँदै आएको बताए ।

'विशेष गरी विकट भौगोलिक अवस्था, जटिल भूबनोट तथा प्रतिकूल परिस्थितिका बाबजुद राष्ट्रिय महत्त्वका सडक तथा पूर्वाधार निर्माणमा नेपाली सेनाले लामो समयदेखि गर्दै आएको व्यावसायिक दक्षता, कार्यकुशलता र राष्ट्रप्रतिको समर्पण प्रशंसनीय एवं अनुकरणीय रहेको छ,' उनले भने ।

राष्ट्रिय गौरवको आयोजनाको ट्र्याक निर्माणदेखि विशेष प्रकृतिका सुरुङ र पुलसहित देशकै पहिलो द्रुतमार्ग निर्माणमा नेपाली सेना अहोरात्र खटिएको उल्लेख गर्दै उनले काठमाडौं उपत्यकालाई तराई-मधेशसँग प्रत्यक्ष जोड्ने करिब ७१ किलोमिटर लामो आधुनिक द्रुतमार्गले देशको यातायात प्रणालीमा परिवर्तन ल्याउने बताए ।

द्रुतमार्ग सञ्चालनमा आएपछि यात्रा समय र दूरी उल्लेखनीय रूपमा घट्ने राष्ट्रपति पौडेलको भनाइ छ। यसबाट इन्धन खपत तथा सवारीसाधन सञ्चालन र मर्मतसम्भार खर्चमा समेत बचत हुने उनले बताए। राष्ट्रपति पौडेलले द्रुतमार्गको महत्त्व भौतिक पूर्वाधार निर्माणमा मात्र सीमित नरहेको पनि बताए। यसले राजधानी काठमाडौं र तराई-मधेशबिचको भौगोलिक दूरी घटाउनुका साथै सामाजिक सदभाव, आपसी सहिष्णुता र राष्ट्रिय एकतालाई थप सुदृढ बनाउने उनको विश्वास छ ।

ट्रम्प, सि र पुटिन...

अमेरिका, बेलायत र सोभियत संघका प्रमुख नेताहरुबीच ऐतिहासिक बैठक बसेको थियो । त्यतिबेला युरोपमा दोस्रो विश्व युद्धपछिको अर्थ व्यवस्थाको भविष्यबारे निर्णय लिइएका थिए ।

पहिलोपटक, तीन समकालीन महाशक्ति राष्ट्रहरु- अमेरिका, चीन र रूसका प्रमुख नेताहरु एकसाथ भेट्न लागेका हुन् ।



एमाले...

लडेर आएका पार्टी भएको स्मरण गराउँदै उनले पत्राउ गर्ने भन्दै ठट्टा नगर्न चेतावनी दिए ।

उनले भने, 'आईजीपी आईजीपी हुने बित्तिकै होस्मा होकी बेहोसमा हो, बोलेको सुन्छु म केपी ओलीलाई थुनिदिन्छु, शेरबहादुरलाई थुनिदिन्छु, प्रचण्डलाई थुनिदिन्छु । केपी ओली, शेरबहादुर र प्रचण्ड भनेका मजाकका पात्र हुन् ? हामी राणा शासनका विरुद्ध लडेर आएका हौं, पञ्चायति शासनका विरुद्ध लडेर आएका हौं, निरंकुश राजतन्त्रकाविरुद्ध लडेर आएका हौं । अनि ६ महिनाको जागिर खाने एउटा सिपाहीले भन्छ फलानोलाई थुन्दिन्छु । ठट्टा मजाक गरेको हो ? तिनि जन्मिनुभन्दा अघि देखि हामी देशका लागि आन्दोलनमा ज्यानको बाजी थापेर हिँडिराखेका छौं । मजाक गर्ने हामी माथि ? एमाले यस्ता हावादारी कुराबाट हल्लिनेवाला छैन । एमाले दयामाया, कृपाले बाँचेको पार्टी होइन । संघर्षको मैदानबाट आएर लडेर जितेर आएका हौं । जनताको कृपाले सरकारमा गएका हौं,' ।

बालेन सरकार...

८ वटा अध्यादेश ल्याएको थियो । त्यसपछि संसदको बजेट अधिवेशनलाई छलेर संसद अधिवेशन सकिनासाथ फेरी सरकारले अध्यादेश ल्यायो । गत असोज २३ गते देखि ३० गतेसम्म फेरी ५ वटा अध्यादेश जारी गरियो । यसरी संसदलाई छलेर पार्टीगत र व्यक्तिगत स्वार्थका लागि अध्योदश ल्याउने क्रम हालसम्म पनि जारी रहेको छ ।

कार्तिक १७ गते बसेको मन्त्रिपरिषद्को बैठकले प्रेस काउन्सिल नेपाल ऐन २०४८ लाई संशोधन गर्न बनेको अध्यादेश संस्कृति पर्यटन तथा नागरिक उड्डयनलगायत केही नेपाल ऐन संशोधन गर्न बनेको अध्यादेश जारी गर्न राष्ट्रपति समक्ष सिफारिस गरेको छ । ती अध्योदश जारी गर्न बाँकी रहेको छ ।

यसरी आफ्नै पार्टीको संसदमा बहुमत हुँदाहुँदै सांसदहरुलाई विश्वास गर्न नसकेर सरकारले भट्टाभट्ट अध्योदश जारी गर्नु भनेको संसदलाई नपत्याउनु र स्वच्छाचारितामा नै रमाउन खोज्नु बाहेक अन्य केही हुन सक्दैन ।

सभापति...

रास्वपाभित्र विभिन्न गुट र उपगुट रहेकाले एकले सिफारिस गरेको व्यक्तिलाई अर्को गुटका सांसदहरुले अस्वीकृत गर्ने गरेको हुनाले नै सरकार र पार्टीबीचमा सन्वनय नभएको प्रष्ट रूपमै देखिन्छ । प्रस्तावित राजदूत थापा सभामुख डोल प्रसाद अर्याल निकट रहेका र उनैले थापालाई सिफारिस गरेको हुनाले उनलाई सभापति लामिछाने पक्षका संसदीय सुनुवाई समितिमा रहेका सांसदहरुले अस्वीकृत गर्ने थाहा पाएपछि थापा आफ्नो नाम फिर्ता लिन बाध्य भएका थिए ।

पार्टी सभापति लामिछानेले हालै चितवनमा पुगेर सरकारप्रति असन्तुष्टि व्यक्त गर्दै सरकारले गरेका काम कारबाहीको जिम्मेवारी पार्टीले जिम्मेवारी लिन नसक्ने र त्यसको जिम्मेवारी सरकारले नै लिनुपर्ने उद्घोष गरेपछि पार्टी र सरकारबीचको मतभेद सडकमै छताछुल्ल हुन पुगेको छ । पार्टीको वरिष्ठ नेता तथा प्रधानमन्त्री बालेन साह पक्षीय धेरै सांसदहरु मन्त्री रहेका तर केही महत्वपूर्ण मन्त्रालयको मन्त्री भने साह पक्षीय धेरै सांसदहरु मन्त्री रहेका तर केही महत्वपूर्ण मन्त्रालयको मन्त्री भने सभापति लामिछाने पक्षीय भएकाले उनीहरुले प्रधानमन्त्रीलाई सहयोग नगरेको उद्घोष साह पक्षीय मन्त्रीहरुले नै गर्ने गरेका हुनाले सभापति लामिछाने र प्रधानमन्त्री साहबीचको मतभेद अझै सार्वजनिक हुन सक्ने सम्भावना देखिएको छ ।

त्यही कारणले गर्दा प्रधानमन्त्री साहको भारत भ्रमणपछि मन्त्रिपरिषद् हेरफेर हुन सक्ने सूत्रले दाबी गरेको छ ।

नेपाल सरकारको स्वास्थ्य बीमा योजना अब घरबाटै सजिलै लिन सकिने

- स्वास्थ्य बीमा कार्यक्रममा सहभागी होऔं, समयमै स्वास्थ्य बीमा गरौं,
- स्वास्थ्य बीमामा आबद्ध हुन अब कार्यालय धाइरहनु वा लाइन बसिरहनु पर्दैन, मोबाइल वा कम्प्युटरबाटै अनलाइन दर्ता गर्न सकिन्छ।



दर्ताका लागि: eportal.hib.gov.np अथवा उल्लेखित QR Scan गरी गर्न सकिन्छ।

नेपाल सरकार
विज्ञापन बोर्ड

सम्पादक/प्रकाशक : देवेन्द्र चुडाल • कार्यालय : बुद्धनगर, काठमाडौं • फोन : ४७९०२९५, मो. : ९८४१२५४८८५ • इमेल : devendrachudal@gmail.com • मुद्रण : सुनगाभा प्रिन्टिङ प्रेस, बागबजार